रातो खबर
Ratokhabar weekly
साप्ताहिक

## होला त फेरि मिलाप ?



नेकपाका महासचिव विप्लव, नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण' र नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम ... बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क १३, पूर्णाङ्क १०८ | २०७४ भदौ १४ गते बुधबार | Wednesday, 30 Aug 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# प्रम देउवाले दिल्लीमा के गरे ?

■ **रातो खबर संवाददाता**/काठमाडौं

प्रम शेरबहादुर देउवाको भ्रमणलाई सुरुदेखि नै विज्ञहरूले 'बेमौसमको बाजा' भन्दै आएका थिए । छिमेकी चीनले बुझिनेगरी देउवाको भारत भ्रमणलाई नरुचाएको सार्वजनिक टिप्पणी भैरहेको थियो । छिमेकी देशहरू युद्धको परिस्थितिमा रहेको समयमा द्वन्द्वरत कुनै एउटा देशको भ्रमण तटस्थ परराष्ट्र नीतिको प्रतिकूल मानिने गरिन्छ । प्रम देउवाले भारत-चीन तनावमा नेपाल औपचारिक रूपमा तटस्थ रहने अडान कायम राखे पनि गोप्य रूपमा भारतप्रति स्वाभाविक झुकाव राखेर फर्केको विश्लेषण भैरहेको छ । छिमेक नीति र आन्तरिक राजनीतिका मामिलामा गोप्य सहमतिहरू भएका टिप्पणीहरू भएका छन् । यसको प्रभाव विस्तारै प्रकट हुँदै जानेछ ।

एमालेको सरकार चलिरहेको र प्रमुख प्रतिपक्षी दलको नेता भैरहेको बेला तत्कालीन पार्टी सभापति देउवाले दलाई लामाका मन्त्रीसँग गोवामा भेटेका थिए । सुरुमा उनले भेट्दै नभेटेको भनेर ढाँटेका थिए । तर सञ्चारमा दलाई लामाका मन्त्री र देउवाको फोटो नै सार्वजनिक



भएको थियो । त्यसपछि चीनले नेपाल सरकारसँग नेपालको एक चीन नीतिको सन्दर्भमा प्रश्न उठाएपछि सरकार नै अप्ठेरोमा परेको थियो । अनपेक्षित रूपमा भएको भारत भ्रमण र भारतीय समकक्षी नरेन्द्र मोदीसँग भएको गोप्य भेटमा लिखित, मौखिक गोप्य सहमति भएको ठानिएको छ ।

प्रम देउवाले नेपालको आन्तरिक राजनीतिमा भारतको प्रवेशलाई वैधानिकता दिएका छन् । त्यसको चौतर्फी आलोचना भएको छ । उनले नेपालको कुनै दलसँग वार्ता गरेझैं संविधान संशोधन गर्न आवश्यक मत नपुगेको र प्रयास जारी राख्ने बाचा गरेका छन् । त्यसको अर्को अर्थ 'तिम्रा मधेसवादीको माग पूरा गर्ने भए मेरो दललाई बहुमत

... बाँकी पृष्ठ ७ मा

## जिशिअ पौडेललाई कालोमोसो



■ **जानकी दहित**/दाङ

नेपाल कम्युनिस्ट पार्टी, रोल्पाले जिल्ला शिक्षा अधिकारी चिरञ्जीवी पौडेललाई भ्रष्टाचार गरेको आरोपमा सोमबार कालोमोसो दलेको छ । जिल्ला शिक्षा कार्यालय रोल्पाका जिल्ला शिक्षा अधिकारी पौडेलले विभिन्न विद्यालयको भवन निर्माण, शिक्षक नियुक्ति, सरुवालगायतका काम र योजनामा भ्रष्टाचार तथा अनियमितता गरेको भन्दै नेकपाले कालोमोसो दलेको बताएको छ । जिशिअ चिरञ्जीवी पौडेलले गरेको भ्रष्टाचार तथा अनियमितता शिक्षा ऐन तथा नियमावली विपरीतसमेत रहेको भन्दै कालोमोसो दलेको नेपाल कम्युनिस्ट पार्टी रोल्पाले जानकारी दिएको छ ।

## मञ्चको सङ्गठन निर्माण तीव्र



■ **रातो खबर संवाददाता**

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्चले सङ्गठन विस्तारको क्रमलाई पछिल्ला दिनहरूमा तीव्र पारेको छ । देशका विभिन्न स्थानबाट राजधानी काठमाडौं आएर विभिन्न पेसा, व्यवसाय र अध्ययनमा रहेका देशभक्त, प्रगतिशील र जनवादी व्यक्तिहरूको सङ्गठन जनगणतान्त्रिक ... बाँकी पृष्ठ ७ मा

## स्वास्थ्यकर्मीहरू सम्मेलनतिर

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेकपा निकट स्वास्थ्यकर्मीहरूको सङ्गठन अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घको भदौ ५ गते काठमाडौंमा सम्पन्न बैठकले पुस पहिलो साताभित्र राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । सङ्गठनका केन्द्रीय अध्यक्ष डम्बर रावलले रातो खबर साप्ताहिकसँग सङ्क्षिप्त कुरा गर्दै सो जानकारी दिनुभएको हो । सम्मेलन सफलताका लागि विभिन्न समितिहरू निर्माण गरिएको छ । जसअनुसार आर्थिक समितिमा पिताम्बर भुर्तेल, विनोद रावल, लोकेश जोशी, योगेन्द्रकुमार यादव र कैलाश लामा छन् । त्यसैगरी डम्बर रावलको संयोजकत्वमा ५ सदस्यीय विधान-प्रतिवेदन



फाइल फोटो, रातो खबर

मस्यौदा समिति, ५ सदस्यीय प्रचार समिति, ५ सदस्यीय व्यवस्थापन समिति गठन गरेको छ । उपर्युक्त समितिहरूले आवश्यकतानुसार उपसमितिहरू गठन ... बाँकी पृष्ठ ७ मा

## भेनेजुयलाका सबै जनता सैन्यीकरण



■ **एजेन्सी**

अमेरिकासँग तनाव बढ्दै गएपछि भेनेजुयला सरकारले देशको आत्मरक्षाका लागि पूरै नागरिकलाई सैन्य तालिम दिन थालेको छ । सरकारले पहिलो चरणमा ७ लाख नागरिकलाई फौजी भूमिकामा ल्याउन सकिने गरी तयारी गरेको हो । हालै सम्पन्न निर्वाचनमा अमेरिकी पक्षधरहरू पराजित भएपछि संयुक्त राज्य अमेरिकाले ह्युगो चाभेजका उत्तराधिकारी राष्ट्रपति निकोलस माडुरोका विरुद्ध कथित मानवअधिकार उल्लङ्घनको आरोपमा नाकाबन्दी कस्दै लगेको र सैन्य आक्रमण गर्ने धम्की दिइरहेको समयमा सरकारले पछिल्लो सैन्य अभ्यास गरेको हो । राजधानी कारकससहितका स्थानमा त्यसप्रकारको सैन्य अभ्यास ... बाँकी पृष्ठ ७ मा

## प्रधानमन्त्रीहरूको भारत भ्रमण र शृङ्खलाबद्ध राष्ट्रघात

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला



पहिलेका प्रधानमन्त्रीहरुजस्तै शेरबहादुर देउवा पनि भारत भ्रमणमा निस्किए । देशका राजनीतिक पार्टीहरु, राजनीतिज्ञहरु, बौद्धिक समुदाय, किसान, मजदुर विद्यार्थीहरु, शिक्षक र प्राध्यापकहरुले अनुमान गरेजस्तै राष्ट्रघातको कलङ्क बोकेर उनी फर्किए । नेपालका सबै प्रधानमन्त्रीहरुले पदभार बहन गर्नेबित्तिकै भारत सरकारका अगाडि पेस हुनै पर्छ, जसरी कुनै व्यक्ति राजदूत हुनेबित्तिकै उसको ओहोदाको प्रमाणपत्र सम्बन्धित सरकारको अगाडि पेस हुने गर्छ । परम्पराअनुसार बाह्र वर्षको समयलाई एक युग मान्ने हो भने नेपालमा युगौंदेखि यो परम्परा चल्दै आएको छ । र, यसले पैदा गरेको संस्कृतिमा प्रधानमन्त्री, यहाँको कर्मचारीतन्त्र र प्रशासनिक संयन्त्र अभ्यस्त हुने गरेको छ । प्रधानमन्त्री होस् या मन्त्री, कसैले सोध्न नपाउँदै आफ्ना कुराहरु फर्रर भनिहाल्छ जसबाट भारतको आकाङ्क्षा सम्बोधित होस् र उसको कुर्सी बचिरहोस् । सञ्चारमाध्यममा प्रचारित सामग्री हेर्ने हो भने शेरबहादुर देउवाले भारतीय प्रधानमन्त्रीसँग त्यही गरे, उनीहरुका लागि संसद्ले किनारा लगाइएका विषयहरु बेप्रसङ्ग उठाइए ।

भारत भ्रमणमा जानुभन्दा पहिले नेपालका तमाम राजनीतिक पार्टीहरु, बिज्ञहरु, राष्ट्रियताकाबारेमा सरोकार राख्ने बौद्धिक समुदाय, सामाजिक कार्यकताहरु र पूर्व अधिकारीहरुले राष्ट्रघात नगर्न र कुनै पनि सहमति नगर्न सुझव दिएका थिए । राजनीतिक पार्टी र विज्ञहरुको सुझावको विपरीत प्रचण्डको सरकारले गरेको २५ बुँदामा झन्डै दोब्बर हुने गरी ४६ बुँदामा सहमति गरिए, जसमा जनताको सुझावलाई कहीं सुनिएन । नेपालका शासकहरुका लागि जनताको प्रतिरोध राष्ट्रियताको पक्षमा अडान लिन तागत बन्नु पर्थ्यो । तर उनीहरुका लागि सत्ता टिकाउन भारतसँग मोलतोल गर्ने साधन हुँदै आएको छ । ... क्रमशः पृष्ठ ४ मा

## सम्पादकीय

# राष्ट्रघातमा कीर्तिमान

शेरबहादुर देउवाले नेपालको प्रधानमन्त्रीको हैसियतमा भारतको भ्रमण गरेका छन् । ५ दिने भारत भ्रमणका क्रममा उनले कोसी उच्चबाँध, अपरकर्णालीलगायत नेपालको राष्ट्रियता विरुद्ध गम्भीर राष्ट्रघात गरेर राष्ट्रघातमा कीर्तिमान कायम गरेका छन् । राष्ट्रियताविरुद्धको  उनको यो कदम अत्यन्त निन्दनीय र भर्त्सनायोग्य छ ।

संसदीय व्यवस्थामै पनि देउवा बदनाम पात्र हुन् । यस व्यवस्थामा मात्र नभएर देउवा सीमित लोकतन्त्र, राष्ट्रियता, जनतन्त्र र जनजीविका तीनै क्षेत्रमा अत्यन्त बदनाम र असफल पात्र हुन् । जनयुद्धको समयमा नेकपा माओवादीका नेता र कार्यकर्ताको टाउकाको मूल्य तोकेर झोलाभरि टाउको ल्याएर झोलाभरि पैसा लैजान उर्दी जारी गर्ने देउवा सीमित लोकतन्त्र शाहीसत्ताका कुख्यात पात्र ज्ञानेन्द्रको पाउमा बुझाउने व्यक्ति पनि हुन् । राष्ट्रघाती महाकाली सन्धि गराउने देउवाले नेपाली जनता र देशको हितमा भन्दा आफ्नो पद, प्रतिष्ठा र सम्पत्तिका लागि जुनसुकै हर्कत गर्न पनि बाँकी राखेका छैनन् । मित्रराष्ट्र चीन र दक्षिणी छिमेकी भारतबीच चीनको दोक्लाम भूमिका विषयमा विवाद बढिरहेको  समयमा भारत गएका देउवाले भारतको पक्ष लिएर चीनलाई चिढ्याउने, संविधान संशोधनको विषयमा मोदीसँग गुहार माग्ने र नेपाललाई सधैँ भारतीय साम्राज्यवादको सुरक्षा र छत्रछायाँमा राख्ने षड्यन्त्र गरेकाले सबै देशभक्त, क्रान्तिकारी र मुक्तिप्रेमी नेपालीले खुलेर यस हर्कतको सामना गर्नुपर्ने आवश्यकता छ ।

देउवा नेपालको संसदीय राजनीतिमा एउटा क्षेत्र र गुटको राजनीति गर्दै उदाएका हुन् । अमेरिकी उत्तरसाम्राज्यवादका विश्वासपात्र मानिने देउवा यतिबेला भारतीय साम्राज्यवादको पनि असली विश्वासपात्र बन्ने होडमा छन् । यसमा उनका सत्ता साझेदार पुष्पकमल दाहालहरुले उनलाई न्वारानदेखिको बल लगाएर साथ दिइरहेका छन् । दाहाल र देउवा गठबन्धन जनतन्त्र र जनजीविकाका सवालमा मात्र नभएर राष्ट्रियताका सवालमा पनि खतरनाक साबित भएको छ । आफू प्रधानमन्त्री भएको समयमा दाहालले भारतसँग २५  बुँदे सहमति गरेर भारतीय छातामा नेपालको विदेशनीति हुने खतरनाक खेल खेलेका थिए । देउवाले त्यसलाई अझ समृद्ध बनाएर नेपाली शासकहरु जनभावना र राष्ट्रहितविरुद्ध सधैँ षड्यन्त्र मात्र गरिरहन्छन् भन्ने प्रमाणित गरेका छन् ।

दसौँ हजार सहिदको रगतमा जन्मिएको जनयुद्ध र जनसत्ता सत्तास्वार्थमा दुस्मनलाई बुझाउने दाहाल र सत्ताकै लागि तथाकथित प्रजातन्त्र ज्ञानेन्द्र शाहको पाउमा सुम्पिने देउवा दलाल संसदीय व्यवस्थाका एक सिक्काका दुई पाटा हुन् । त्यसैले यतिबेला देउवाले गरेका भारतको भ्रमण देउवा, काङ्ग्रेस वा सरकारको मात्र नभएर दाहालको स्वार्थसँग पनि गाँसिएको विषय हो । अर्को संसद्वादी शक्ति एमालेले अघि सारेको खोक्रो राष्ट्रवादका विरुद्ध दाहाल समूह र देउवा समूह अर्थात् काङ्ग्रेस र माकेको गठबन्धनले नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि गम्भीर प्रश्नचिह्न लागिरहेको समयमा देउवाको भारतभ्रमण अत्यन्त खतरनाक साबित भएको छ ।

नेपाली शासकहरुले भारतसँग नेपाली राष्ट्रियताविरुद्ध गम्भीर र खतरनाक सन्धि र सम्झौता गर्दै आएको नकारात्मक इतिहास छ । सत्तामा पुग्न पनि भारतीय शासहरुहको सहारा लिने, पुगिसकेपछि उसलाई रिझाउन र टिकिरहन सधैँ नेपाल र नेपालीको स्वार्थविरुद्ध हर्कत गरिरहने शासकहरुको खराब परिपाटीका कारण जनताले शासकहरुलाई कहिल्यै हृदयदेखि विश्वास गर्न सकेनन् र सक्ने अवस्था पनि रहेन । सुगौली सन्धिबाट आरम्भ भएको गम्भीर राष्ट्रघातको शृङ्खलामा मोहनशमशेर राणाले राणाशासन ढलिसकेको भनिएपछि पनि कुख्यात दिल्ली सम्झौतापछि नेपालको हितविरुद्ध सन् १९५० को राष्ट्रघाती सन्धि गरिदिएको नकारात्मक इतिहास हाम्रासामु छ । मातृकाप्रसाद कोइरालाले कोसी र बीपी कोइरालाले गण्डक सम्झौता गरेर नेपाली राष्ट्रियता, भूगोल र प्राकृतिक सम्पदामाथि पनि गम्भीर घात गरे । त्यसैको नकारात्मक विरासत बोक्दै गिरिजाप्रसाद कोइरालाले टनकपुर सन्धि गरेर नेपाली भूमि भारतलाई सुम्पिए भने कृष्णप्रसाद भट्टराई साझा नदीको अवधारणा पारित गराएर र केपी ओली-माधव नेपालहरुले महाकाली सन्धि पारित गर्न देउवाहरुलाई सघाएर नेपालको राष्ट्रियतामाथि गम्भीर खेलबाड गरेको इतिहास पनि हाम्रासामु छर्लङ्गै छ । त्यही नकारात्मक सन्धिसम्झौता र भारतीय साम्राज्यवादको विस्तारवादी चरित्रका कारण भारतले नेपालका सीमाहरुमा अन्तर्राष्ट्रिय कानुनविपरीत बाँध, नदी र सडकहरु बनाएर नेपाली भूभाग डुबानमा पार्दै आएको छ । कोसी र गण्डकमा भएका राष्ट्रघाती सन्धिकै कारण बर्सेनि लाखौँ नेपालीको जमिन र घरबास मात्र डुब्ने गरेको छैन, कयौँको ज्यानसमेत जाने गरेको छ । यसपालि पनि भीषण बाढीमा परी सयौँ नेपालीको ज्यान गयो भने तराईका कयौँ जिल्लाका बस्तीहरु डुबानमा परे । देउवा सरकार र भारतीय मतियार पार्टीहरुले भारतसँग भएका असमान सन्धिसम्झौताकै कारण नेपाली भूभाग डुबानमा परेको तथ्य भारतसामुख राख्न र कोसी ब्यारेजका ढोकाहरु खोल्न भारतलाई निर्देशन दिन सकेनन् । उल्टै जनस्तरबाट नेकपालाई बम विस्फोट गराएर बाँधहरु भत्काइदिन आह्वान गरियो ।

सारतः देउवाको भारत भ्रमण नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विरुद्ध भएको र विशेषगरी भारतीय साम्राज्यवादको स्वार्थ र नेपाली हितविपरीत रहेकाले देशभक्त नेपालीहरुले देशभर विरोध प्रदर्शन जारी राखेका छन् । विगतका कमीकमजोरी र गल्तीहरु सच्याउँदै देउवाले नेपाल र नेपालीको हितमा काम गरुन् भन्ने नेपाली जनताको अपेक्षालाई लत्याउँदै उनले राष्ट्रघातको शृङ्खला उत्कर्षमा पुऱ्याएका छन् । देउवा-दाहाल गठबन्धन सत्ता लेन्डुपपथमा भ्रष्टीकरण भएकाले देउवाले दिल्लीमा गरेका राष्ट्रघाती सहमतिहरु उल्ट्याउन र नेपाली राष्ट्रियताको रक्षा गर्न सङ्घर्षमा उत्रिनुको विकल्प छैन  ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# अरुण तेस्रोको कहानी

### परिचय

अरुण तेस्रो आयोजनाबारेको विचारले आकार लिन थालेको सन् १९८५ देखि हो । त्यस आयोजनाबाट ४०२ मेगावाट बिजुली उत्पादन गर्ने हिसाब लगाइएको थियो । त्यसका लागि अरुण नदीमा चीनको सिमानाभन्दा केवल १७ किलोमिटर दक्षिणमा पर्ने गाउँमा ६८ मिटर अग्लो र १५५ मिटर लम्बाइको बाँध बनाउने योजना थियो । बाँधका कारण सिर्जना हुने तालले ५० हेक्टर जमिन डुबानमा पर्ने तथा आयोजनास्थलसम्म पुग्नलाई ११७ किलोमिटर लामो प्रसारण लाइन तान्नुपर्ने अनुमान गरिएको थियो । आयोजनाको अनुमानित लागत १ अर्ब २० करोड अमेरिकी डलर थियो । त्यसमा विश्व बैङ्क र अन्य अन्तर्राष्ट्रिय दाताहरूले लगानी गर्ने भएका थिए, त्यसमध्ये जर्मन सरकारले २७ करोड ६० लाख अमेरिकी डलर अनुदान दिने कबुल गरेको थियो ।

अयोजनाबारे सुरुदेखि नै संशय र शङ्का थियो । नभन्दै आयोजनालाई चार चरण (अरुण १-४) मा बाँडियो जसअनुसार पहिलो चरणमा २०१ मेगावाट बिजुली निकाल्ने र सो आयोजना सन् २००५ मा पूरा हुने लक्ष्य निर्धारण गरियो । त्यसरी उत्पादन गरिएको बिजुली यसप्रकार वितरण गर्ने योजना थियो :

(क) काठमाडौँ उपत्यकाका सहरहरू तथा विराटनगरको औद्योगिक क्षेत्रसमेतलाई दिने,
(ख) अरुण क्षेत्रका करिब चार लाख बासिन्दालाई बत्ती बाल्न र खाना पकाउन चाहिनेजति बिजुली (दाउराको ठाउँमा) दिने,
(ग) बाँकी बचेको बिजुली भारत निर्यात गर्ने ।

सन् १९९४ मा ग्रामीण क्षेत्रलाई विद्युतीकरण गर्ने काम अत्यन्त महँगो पर्ने हुनाले सो गर्न नसकिने भनी औपचारिक रुपमा जर्मन सरकारले स्वीकाऱ्यो । त्यहाँ उत्पादन हुने बिजुली काठमाडौँ उपत्यका र विराटनगरको औद्योगिक क्षेत्रका लागि हो भन्ने स्पष्ट पार्दै वक्तव्यसमेत निकालियो ।

### अरुण तेस्रोको सङ्क्षिप्त विकासक्रम

सन् १९८५ मा जापानको कन्सल्टिङ कम्पनीद्वारा अरुण तेस्रोको पहिलो अध्ययन गरिएको थियो ।

सन् १९६८/८७ : तत्कालीन पञ्चायती सरकारले सिद्धान्ततः त्यस आयोजनालाई स्वीकाऱ्यो । त्यसउपर जनस्तरमा छलफल पनि गरिएन र आयोजनाको विकल्पबारे पनि सोचिएन । जर्मनीको जर्मन क्रेडिट आनस्टाल्ड फ्यूर विदर आउफवाउ (केएफ डब्लू), विश्व बैङ्क र एसियाली विकास बैङ्क र एसियाली विकास बैङ्क (एडीबी) साथै अन्य दाताहरूले आयोजनाप्रति अभिरुचि देखाए । आयोजना सन् १९८७/०८८ मा थालिएर सन् १९९५ सम्ममा सम्पन्न भइसक्ने हिसाब गरिएको थियो । तर एउटा बेलायती कन्सल्टिङ कम्पनीबाट दोस्रोपटक अध्ययन गराउँदा उसले पहिलेको भन्दा धेरै बढी लागत खर्च देखायो । तसर्थ त्यसअघि राखिएको ४०२ मेगावाटको लक्ष्यलाई घटाएर २०१ मेगावाटमा झारियो ।


सन् १९८९/०९० : अरुण तेस्रो आयोजनाको आलोचना गर्नेमा अङ्ग्रेजी भाषामा निस्कने हिमाल पत्रिका अगाडि थियो । आयोजनाबारेको अपारदर्शिता र सरकार तथा दाताहरूको 'विकल्परहित' अडान आलोचनाको विषय थियो ।

सन् १९९१/०९२ : अरुण सरोकार समूहमा नेपालको भविष्यबारे चासो राख्ने र जिम्मेवारी महसुस गर्ने नेपाली विशेषज्ञहरू समाविष्ट थिए । त्यस समूहको प्रवक्तामा म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी), संयुक्त राज्य अमेरिकामा पढेर आएका इन्जिनियर विकास पाण्डे थिए । त्यस कार्यदलले नेपालभरिका एघारवटा गाउँमा ससाना वैकल्पिक आयोजनाहरूको अध्ययन गर्ने प्रस्ताव गऱ्यो । सन् १०९० पछि आएको नेपालको अन्तरिम सरकार पनि ठूलो आयोजनाका पक्षमा थिएन । त्यसैले सरकारले आफ्नो चासो र चिन्ता व्यक्त गर्न विश्व बैङ्कसमक्ष प्रतिनिधिमण्डल पठायो । विश्व बैङ्कले अरुण आयोजनाका पक्षमा अडान लिँदै भन्यो : 'यो आयोजना धेरै अघि बढिसकेकाले यसलाई रोक्न सम्भव छैन । तपाईंहरू कि हुन्छ भन्नोस् कि हुँदैन भन्नोस् ।'

जलविद्युत् उत्पादनमा आउन लागेको वित्तीय सहयोग पूरै गुम्ने डरले सरकारले विश्व बैङ्कका सबै सर्तहरूउपर सहमति जनाउँदै सरकारले 'हुन्छ' भन्यो ।

फेब्रुअरी १९९३ : नेपालका गैससहरूले विश्वबैङ्कबाट मे महिनामा एउटा नयाँ मूल्याङ्कन टोली आउँदैछ भन्ने बुझेर 'एलाएन्स फर इनर्जी' भन्ने समूह खडा गरे र त्यसअन्तर्गत सङ्गठित भए । उनीहरूको उद्देश्य दाताहरूसित संवाद गर्नु थियो । त्यो समूह सरकारसित संयुक्त रुपमा सार्वजनिक बहस गर्न पनि तयार भयो । तर सरकारले अन्तिम समयमा कुनै कारण नदर्साई त्यस सार्वजनिक भेलामा भाग नलिने निर्णय गऱ्यो ।


मार्च १९९३ : एलायन्स फर इनर्जीले विश्व बैङ्कसित भेट गरी अमेरिकी डलर ७६ करोड ४० लाख लागत भएको अरुण तेस्रो आयोजनालाई त्यति नै लागतका अन्य ससाना र विकेन्द्रित आयोजनाबाट प्रतिस्थापित गरिनुपर्ने सुझाव दिए । ती आयोजनाहरूको योजना, कार्यान्वयन र सञ्चालन गर्न नेपाली विशेषज्ञ तथा उद्यमीहरू समर्थ रहेको उनीहरूको दाबी थियो । यसबाट स्थानीय लगानी पनि परिचालित हुने उनीहरूको तर्क थियो ।



टोनी हेगन

यस्ता ससाना र धेरै आयोजनाहरूको निर्माणमा समय र खर्च पनि बढी लाग्ने र नेपाली विशेषज्ञहरूसित त्यसनिम्ति चाहिने सीप र क्षमतासमेत नभएकाले सो प्रस्ताव स्वीकार्य नहुने विश्वबैङ्कले बतायो ।

यो भनाइ सत्य थिएन । त्यसको प्रमाण पूर्वी नेपालमा निर्माणाधीन रहेको ६० मेगावाट क्षमताको खिम्ती जलविद्युत् आयोजना हो । नेपाली उद्यमी र नर्वेजियन स्टेट पावर कर्पोरसनको संयुक्त लगानीमा बनेको योजनाको सुरुमा योजना बनाउनेदेखि निर्माणसम्मका सबै काम नेपाली इन्जिनियरहरूले गरेका हुन् भने त्यसबाहेक यसको लगानीमा स्थानीय पुँजीसमेत परिचालित गरिएको छ । तसर्थ यस आयोजनाले सरकार तथा दाताहरूले भन्ने गरेका आत्मनिर्भरता र दिगो विकासका सबै




सर्तहरू पूरा गरेको छ ।

जनवरी १९९४ : आयोजना सम्बन्धमा सरकार अपारदर्शी रहेको र सरकारले तथ्यहरू लुकाएको भन्ने जिकिरसाथ वकिलहरूको एक समूह सरकारविरुद्ध सर्वोच्च अदालतको ढोका ढकढकाउन गयो । सर्वोच्च अदालतले सरकारको निर्णयविरुद्ध अन्तरिम आदेश जारी जाऱ्यो ।

फेब्रुअरी १९९४ : जर्मनीका विकास सहयोग मामिलाका मन्त्री नेपाल आएर आयोजनास्थलको निरीक्षण गरे । विकास पाण्डेसित छलफल गर्नुपर्ने एलायन्स फर इनर्जीको अनुरोधलाई भने जर्मन मन्त्रीले स्वीकार गरेनन् ।

मार्च १९९४ : जर्मनीका सबै प्रमुख अखबार र पत्रपत्रिकाहरूमा अरुण आयोजनाबारे कटु आलोचना छापिए । नेपालको अङ्ग्रेजी साप्ताहिक इन्डिपेन्डेन्टले आफ्नो २३ मार्चको अङ्कमा लेख्यो :

'अरुण तेस्रोमाथि जर्मन मिडियाको प्रहार'

त्यस सालभरि नै आयोजनाउपरको निर्णय एकपटक स्थगित भइरह्यो ।

एलाएन्स फर इनर्जीले त्यस विषयमा छलफल गर्न समय माग्दै विश्व बैङ्कको अध्यक्षलाई चिठी लेखेकोमा उनले भेट्न चाहेनन् । तर आयोजनाबारेको निर्णयलाई नोभेम्बर १९९४ सम्मका लागि थाती राखियो ।

जुलाई १९९४ : अरुण आयोजनामा विश्व बैङ्कले लागू गर्न खोजेको नीतिबारे असहमति जनाउँदै त्यसको विरोधमा बैङ्कका दक्षिण एसियाली क्षेत्रका विभागका जनसङ्ख्या तथा मानव संसाधन डिभिजनका प्रमुख मार्टिन कार्चरले २९ वर्षको सेवापछि पदबाट राजीनामा दिए । कार्चरको राजीनामाबाट ठूलो खल्बली मच्चियो ।

सेप्टेम्बर १९९४ : वासिङ्टनको 'इन्भाइरमेन्टल डिफेन्स फन्ड' लाई दिएको अन्तर्वार्तामा कार्चरले यसो भनेका थिए :

मेरो विचारमा विश्व बैङ्कले आयोजनालाई वस्तुगत र निष्पक्ष रुपमा हेर्न सकेन । आयोजनाप्रति पहिलेबाटै बैङ्कको व्यवस्थापन प्रतिबद्ध देखिएकाले त्यसबारे गम्भीर र खुला छलफल हुन सम्भव भएन । व्यावहारिक प्रश्नहरूलाई पनि पन्छाउने काम भयो । आयोजनाका विकल्पहरूलाई जाँचबुझ गर्नुको सट्टा भएभरको शक्ति आयोजनाको पक्षपोषण गर्नमा उपयोग गरियो । अति विपन्नलाई आर्थिक विकासमा सहभागी तुल्याउने उद्देश्यले गरिबी उन्मूलनप्रति लक्षित सरकारको रणनीतिलाई सघाउने हाम्रो प्रयासलाई बैङ्कको व्यवस्थापनले सहयोग गरेन ।

कार्चरको यो वक्तव्य पूरै जर्मन मिडियामा प्रसारित भयो । त्यसपछि जर्मन सरकारको हठी नीतिको पनि प्रेसमा कडा आलोचना हुन थाल्यो ।

डिसेम्बर १९९४ : विश्व बैङ्कले अरुण आयोजनाउपरको सिकायत सुन्नलाई भर्खरभर्खरै एउटा आयोग खडा गरेको थियो । त्यो आयोग नेपालको एलायन्स फर इनर्जीद्वारा प्रस्तुत सिकायत सुन्न राजी भयो । त्यस आयोगले यस आयोजना सम्बन्धमा बैङ्कबाट धेरै त्रुटि हुन गएको र बैङ्कले कार्य सञ्चालन नियमविपरीत गएर कार्य गरेको निष्कर्ष निकाल्यो (नुये जुर्खर जाइटुङ २१ डिसेम्बर १९९४) ।

२ फेब्रुअरी १९९५ : विश्व बैङ्कको बोर्ड अफ डाइरेक्टर्सले सिकायत आयोगको 'स्वतन्त्र' टोलीलाई बुझबुझार्थ नेपाल पठाउने निर्णय गऱ्यो । तर त्यस टोलीले वातावरणीय मूल्याङ्कन, रैथाने बासिन्दामा पर्ने असर र पुनर्वास जस्ता विषयलाई मात्र हेऱ्यो । ठूलो अरुण आयोजनाको ठाउँमा ससाना जलविद्युत् केन्द्र स्थापना गर्ने विकल्प हेरिनुपर्छ भन्ने जुन गाँठी कुरा थिए र जसका लागि विरोध उठेका थिए ती विषयलाई जानाजान पन्छाइयो । परिणामस्वरुप विश्व बैङ्कको 'विकल्परहित' नीतिले फेरि निरन्तरता पायो, जुन नीतिको विरोध सन् १९८५ देखि नै हुँदै आएको थियो । त्यसबाहेक विश्व बैङ्कका बोर्ड अफ डाइरेक्टर्सले आयोजनामा लगानीका लागि नेपाल सरकारका तर्फबाट विधिवत् अनुरोध आइसकेपछि मात्र सिकायत आयोगले नेपालमा आफ्नो कार्य थाल्नेछ भन्ने निर्णय गऱ्यो ।

अरुण सरोकार समाजले विश्व बैङ्कलाई चिठी लेखेर यसप्रति विरोध जनायो । चिठीमा लेखिएको थियो : 'बोर्डको यस निर्णयबाट नेपाललाई फेरि विकल्परहित फन्दामा पार्ने काम भएको ठानेका छौँ ।'

वास्तवमा सिकायत आयोगको तथाकथित 'स्वतन्त्र' टोली विरोधको स्वर दबाउन र सूचनालाई तोडमोड गर्नका लागि तथा विकास सहायताका आफ्नै नियमसमेतलाई मिचेर एउटा गरिब मुलुकमाथि आफ्नो हठपूर्ण नीति थोपर्नका लागि विश्व बैङ्कको व्यवस्थापनले प्रयोग गरेको हतियार मात्र थियो ।

त्यसै बेलातिर सङ्घीय जर्मन सरकारको महालेखा कार्यालयले अरुण आयोजनाबारे एकदमै आलोचनात्मक प्रतिवेदन बाहिर ल्यायो । त्यस कार्यालयले आयोजनाबारे केएफडब्लूद्वारा गरिएको मूल्याङ्कनको समीक्षा गरेको थियो । त्यस प्रतिवेदनको एक अंश :

केएफडब्लूले गरेको लागत र लाभको विश्लेषण तथा जोखिमको आँकलनबारे हामी निश्चिन्त छैनौं । केएफडब्लूको निर्णयको मापदण्ड र लक्ष्यको प्रक्षेपण यस्तो गणना र पूर्वानुमानमा आधारित छन् जो शङ्कास्पद देखिन्छन् ।

हाम्रो निष्कर्षमा यस आयोजनाबाट आउन सक्ने निकै ठूलो जोखिमको सम्भावनालाई नहेरी केएफडब्लूले अरुण तेस्रो आयोजनामा आर्थिक लगानी गर्ने निर्णय लिएको देखिन्छ । आर्थिक सम्भाव्यता, दिगोपन र जोखिमको न्यूनीकरणलाई दृष्टिगत गर्दा हाम्रो रायमा यस आयोजनाबारे यस बखत यो निर्णय लिनु उचित छैन ।

२५ मे - २ जुन १९९५ : नेपाल सरकारले अरुण तेस्रो आयोजनाउपर सहमति जनाएपछि विश्व बैङ्कले सिकायत आयोगअन्तर्गत 'स्वतन्त्र' टोलीलाई निम्न जिम्मेवारी तोकेर नेपाल पठायो :

- आयोजनामा रैथाने बासिन्दाको भूमिका हेर्ने,
- आयोजनाको बाँधबाट प्रभावित हुने १५० परिवारको पुनर्वास सुनिश्चित गर्ने,
- आयोजनाबाट वातावरणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्ने ।

नेपाल सरकार, अरुण सरोकार समूह र एलायन्स फर इनर्जीको चाहनाविपरीत विश्व बैङ्कको टोलीले अरुणको विकल्पलाई नकेलाउने निश्चित थियो । उनीहरूले त्यस टोलीमार्फत विश्व बैङ्कले आफ्नै ... बाँकी पृष्ठ ७ मा

# इमानदारी नै कम्युनिस्टको पहिलो सर्त हो



■ **रत्न मगर**
अध्यक्ष, जनगणतान्त्रिक सम्पर्क मञ्च

*... प्रहरी घरमा खोज्न आइरहन्थ्यो । गाउँमा भुजेल थरका पञ्च नेताहरु थिए । उनीहरुले प्रहरी बोलाउने गर्थे । हुँदाहुँदा गाउँमा बस्नै नसक्ने स्थिति बन्यो । त्यसपछि भारत निर्वासनमा गएँ । बिहार, सीतामढीमा खादिग्राम उद्योग सङ्घ छ । त्यहीँ मजदुरी गर्न थालेँ । सीपी गजुरेलले पार्टी सम्पर्क गराए । २ वर्ष त घरमा पनि कहाँ छु, के स्थिति छ ? कसैलाई चिठीपत्र केही पठाइनँ । घरमा पनि चिन्ता गर्ने नै भए । त्यो कुरा सीपी गजुरेलसँग गरें । उनले घरमा खबर गर्न सल्लाह दिए । त्यसपछि घरमा खबर आदानप्रदान भयो ।*

(२०13 सालमा सिन्धुली गोलुङ्जोर-६ (साबिक बासेश्वर-६) मा जन्मिएका रत्न मगर एकजना इमानदार र दृढताका पर्याय हुन् । २०३६ सालमा चन्द्रप्रकाश गजुरेल 'गौरव' ले पार्टी सदस्यता दिएका मगर अहिले जनगणतान्त्रिक मञ्चका केन्द्रीय अध्यक्ष छन् । उनै नेता रत्न मगरसँग गरिएको कुराकानीको सम्पादित अंश)

» ***कम्युनिस्ट आन्दोलनमा कहिलेदेखि लाग्नुभएको हो ?***

२०३५/०३६ सालको आन्दोलनपछि मैले तत्कालीन नेकपा (माले) निकट भएर काम गरेको थिएँ । त्यसको लगत्तै एकै गाउँका वामपन्थी नेता सीपी गजुरेल 'गौरव' को सम्पर्कबाट नेकपा (चौम) को सम्पर्कमा गएँ । २०३६ सालमा क. गौरवले मलाई पार्टी सदस्यता दिएका थिए ।

» ***पञ्चायती कालमा काम कसरी गर्नुभयो ? सङ्क्षिप्तमा भनिदिनुस् न ?***

२०३५ सालमा पञ्चायती व्यवस्थाले गिरफ्तार गऱ्यो तर धेरै दिन राखेन । हामीलाई अराष्ट्रिय तत्व भन्थे । धेरै कठिन थियो । प्रहरी घरमा खोज्न आइरहन्थ्यो । गाउँमा भुजेल थरका पञ्च नेताहरू थिए । उनीहरूले प्रहरी बोलाउने गर्थे । हुँदाहुँदा गाउँमा बस्नै नसक्ने स्थिति बन्यो । त्यसपछि भारत निर्वासनमा गएँ । बिहार, सीतामढीमा खादिग्राम उद्योग सङ्घ छ । त्यहीँ मजदुरी गर्न थालेँ । सीपी गजुरेलले पार्टी सम्पर्क गराए । २ वर्ष त घरमा पनि कहाँ छु, के स्थिति छ ? कसैलाई चिठीपत्र केही पठाइनँ । घरमा पनि चिन्ता गर्ने नै भए । त्यो कुरा सीपी गजुरेलसँग गरें । उनले घरमा खबर गर्न सल्लाह दिए । त्यसपछि घरमा खबर आदानप्रदान भयो । २ वर्षपछि नेपाल आउँदा घरमा रातिराति हिँडेर पुग्थें । दिनभरि घरभित्र लुकेर नजिकका आफन्तसँग मात्र भेट्थैं । गाउँघर, खेतबारी, साथीभाइ सबैसँग भेट्ने मन हुन्थ्यो । इच्छा दबाएर बस्नुपर्थ्यो । गाउँबाट रातभरि हिँडेर सीतामढी फर्किन्थैं ।

» ***सीपी गजुरेललाई कसरी बास दिनुहुन्थ्यो ?***



गौरवलाई त्यसबेला प्रहरीले खोजेको छ भन्थे । उनी मेरो कार्यालय सीतामढीमा आउँथे । हाम्रो कारखानामा अतिथिगृह थियो । त्यहाँ गौरव कहिलेकहीँ त एक महिनासम्म बस्थे ।

» ***पार्टी सम्पर्क कसरी गर्नुभयो ? काम केकसरी गर्नुहुन्थ्यो त ?***

सीपी गजुरेलको सम्पर्कबाट पार्टीको मजदुर क्षेत्रमा काम गरेँ । २०५८ सालसम्म त्यहीँ थिएँ । हरियाणा, पन्जाब, कलकत्ता, दिल्लीमा बैठक र प्रशिक्षणमा गइरहन्थैं । मेरो जिम्मा बिहार इलाका समितिको इन्चार्ज थियो । बिहारमा सङ्गठन भने कमजोर थियो । नेपालको जनयुद्धलाई उपचार, प्रचार, बास, सूचना आदानप्रदान, व्यवस्थापन र जनमत तयार गर्नु नै हाम्रो मुख्य काम हुन्थ्यो । हामी त्यही काम गर्थ्यौं ।

» ***जनयुद्धमा कहिले र किन लाग्नुभएको हो ?***

२०४७ सालमा नेकपा (मशाल), नेकपा (चौम) र सर्वहारावादी श्रमिक सङ्गठनबीच पार्टी एकता भएर नेकपा (एकताकेन्द्र) स्थापना भएपछि म पनि त्यतै सङ्गठित भएँ । तर भारतमा भएकाले काम कमै हुन्थ्यो । सीपी गजुरेलको सल्लाहमा २०५८ सालमा नेपालभित्रै गएर काम गर्नुपर्छ भन्ने लागेर काठमाडौं पुगेँ । जुवातास, मदिरा, गुण्डागर्दी नियन्त्रण, मुद्दा फर्स्योट र प्रहरी ज्यादतीविरुद्ध लडेको देखेर म निकै प्रभावित थिएँ ।

» ***क्रान्तिको काम गर्न नेपाल नै आउनुपर्छ र ?***

भारतबाट हाम्रो सङ्गठनको पहलमा थुप्रै प्रवासी नेपाली स्वदेश फर्केर जनयुद्धमा सहभागी भएका थिए । नेपाल फर्कने लहर थियो । छिट्टै क्रान्ति हुन्छ, नेपालमै व्यवस्था हुन्छ, अर्काको देशमा नि बस्ने भन्ने सोचाइ थियो । सीपी गजुरेल र हाम्रो बीचमा पारिवारिक सम्बन्ध थियो । दुवै तर्फबाट सबै आउजाउ हुन्थ्यो । गजुरेलले अब नेपाल जानुपर्छ रत्न भनेपछि काठमाडौं फर्कें । एमबहादुर आले र म कार्यक्रममा संलग्न हुन्थ्यौं ।

» ***सम्पर्क मञ्चमा चाहिँ कहिलेदेखि काम गर्न थाल्नुभएको हो ?***

२०६३ सालदेखि जनगणतान्त्रिक सम्पर्क मञ्चमा काम गर्न थालेको हुँ । सिन्धुली जिल्ला सदस्य, अध्यक्ष, मञ्चको केन्द्रीय सदस्य, सचिव हुँदै अहिले केन्द्रीय अध्यक्ष छु । प्रचण्डसँग विभाजित हुँदा उनीहरूको विचार र राजनीति मन परेन । त्यसपछि हामीले विद्रोह गरेका थियौं ।

» ***वैद्य पक्षसँग चाहिँ कस्तो छलफल हुन्थ्यो ? पुराना गाउँले साथी र नेता गौरवलाई पनि छोड्नुभयो नि त ? असजिलो लागेको छैन ?***

जनयुद्धको अधुरो सपना पूरा गर्न भनेर हामीले प्रचण्डबाट विद्रोह गरेको हो । वैद्य इमानदार लाग्छन् तर क्रान्तिको नेतृत्व गर्लान्जस्तो लागेन त्यसैले त्यहाँबाट पनि विद्रोह गरेर अगाडि बढेका छौं । जहाँसम्म सीपी गजुरेलको प्रसङ्ग छ । भावनात्मक र क्रान्तिको कुरा फरक हुन्छ । भावना हुन्छ, चाहिन्छ तर भावनाले क्रान्ति हुँदैन । गौरव, दिनेश शर्माले वैद्यसँग विद्रोह गर्दा मसँग लामो छलफल गरेका थिए तर म उनीहरूको विचार र राजनीतिसँग सहमत हुन सकिनँ । क्रान्तिका लागि अरु कुरा त्यति महत्वका हुँदैनन् र हुनु हुँदैन । क्रान्तिप्रतिको इमानदारी कम्युनिस्टको पहिलो कर्तव्य हो ।

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. अर्जुन रसाइली
ब्रनाइ सुन चाँदी पसल
भरतपुर महानगरपालिका- १ मिलनरोड, चितवन

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टंक प्रसाद न्यौपाने
अध्यक्ष, नेकपा (माओवादी केन्द्र)
भरतपुर महानगरपालिका-१, चितवन

▶▶ पृष्ठ १ बाट क्रमशः ...


# प्रधानमन्त्रीहरूको भारत भ्रमण र शृङ्खलाबद्ध राष्ट्रघात

शेरबहादुर भारत जानुअघि राजनीतिक पार्टीहरुका सुझाव थिए, १९५० को सन्धिसम्झौता खारेज गर्नुपर्छ, माथिल्लो कर्णाली, अरुण तीन, माथिल्लो मर्स्याङ्दी कोसी उच्चबाँध खारेज गर्नुपर्छ, महाकाली सन्धि खारेज गर्नुपर्छ, विराटनगरस्थित भारतीय सुरक्षा क्याम्प खारेज गर्नुपर्छ, नेपालको भूमिमा भारतीय एयर मार्सल राख्ने भारतीय प्रस्ताव अस्वीकार गर्नुपर्छ सुपुर्दगी सन्धि अस्वीकार गर्नुपर्छ, नेपाल डुबाउने गरी गैरकानुनी तरिकाले भारतले बनाएका बाँधहरु भत्काउनु पर्छ, तत्कालीन प्रधानमन्त्री प्रचण्डले नेपालको विदेशनीतिलाई भारतअनुकूल बनाउने प्रावधानहरु खारेज गर्नुपर्छ आदि । तर शेरबहादुरले नेपाली जनताका मागहरुमा एक नजर दिने बहादुरी देखाउन सकेनन् बरु अरुण तीन, पञ्चेश्वर, कोसी उच्च बाँध बनाउनेजस्ता राष्ट्रघाती कामहरुमा तीव्रता दिने सहमति गरेका छन् ।

विगतका शासकहरुझैँ काङ्ग्रेस-माके गठबन्धनलाई पनि प्रतिगामी सत्ताको कुर्सीमा टिकिरहने आकाङ्क्षा प्रबल छ । सबै मानिसका आआफ्नै प्रकारका आकाङ्क्षा हुने गर्छन् । मालिकको आकाङ्क्षा नोकरबाट सेवा प्राप्त गर्ने र नोकरको आकाङ्क्षा मानिलकालाई खुसी बनाउने, वैज्ञानिकको आकाङ्क्षा नयाँ समस्याको नयाँ समाधान आविष्कार गर्ने र व्यापारीको आकाङ्क्षा त्यसको अन्वेषणलाई नाफाका लागि प्रयोग गर्ने हुन्छन् । आकाङ्क्षी व्यक्तिहरु राज्यको बागडोरमा केन्द्रित हुँदा ती आकाङ्क्षाहरु राज्यका पनि हुन सक्छन् । भारतमा सत्तासीन सामन्त तथा एकाधिकार पुँजीपति वर्गको आकाङ्क्षा नेपालको पानी, खनिज, जङ्गल र जडीबुटीमा भारतीय नियन्त्रण रहोस् भन्ने रहँदै आएको हो । यो वर्गले आफ्नो उत्पादनबाट भारतीय जनतामाथिको लुटखसोट सुनिश्चित कायम गर्न चीनको आर्थिक र सामरिक विकास उसको बाटोमा अवरोध नहोस् भन्ने पनि चाहन्छ । चीनको जबर्जस्त आर्थिक उन्नतिबाट आतङ्कित भारतले चीनबाट सुरक्षित रहन नेपालले भारतबाटै नियन्त्रित 'ग्रेटवाल' को काम गरोस् भन्ने पनि चाहन्छ । भारतीय एकाधिकार पुँजीवादी जो भारतको दलाल पुँजीवादी शासकको ढाल बोकेर नेपालमाथि उत्पीडन गर्ने आकाङ्क्षाहरु राख्दछ त्यसको विपरीत नेपालका शासकहरुको आकाङ्क्षा भने अत्यन्त दयनीय प्रकारको छ । उनीहरुको आकाङ्क्षा भारतको गुलामी र चाकरी गर्नु र सत्ताको कुर्सीमा रहन सुनिश्चित गर्नुमा सीमित छ ।

तर नेपाली जनताको आकाङ्क्षा शासकहरुको नियतिसँग सहमत छैन । न उनीहरुका व्यवहारले जनताको प्रतिनिधित्व गर्छ । "हरेक क्रियाले त्यसको बराबर र विपरीत प्रतिक्रिया पैदा गर्छ" भन्ने न्युटनको तेस्रो नियमझैँ भारतीय शासकहरुको नेपाललाई पराधीन र नियन्त्रित राख्ने आकाङ्क्षाको प्रक्रियाजस्तै नेपाली जनताका पनि स्वभाविक र वैधानिक आकाङ्क्षाहरु छन्, जसमा सन् १९५० को सन्धिले त्योभन्दा अगाडि भएका सबै सन्धिहरु खारेज गरिसकेपछि सन् १८१६ को सुगौली सन्धिमार्फत भारतले मिचेका नेपाली भूभागहरु फिर्ता होऊन्, सन् १९५० को सन्धिपछि सन् १९६२ देखि भारतले तैनाथ गरेको नेपालको भूभाग कालापानी र लिम्पियाधुराबाट भारतीय सेना हटाइयोस्, सुस्ता, महेशपुरजस्ता गाउँहरु वार्ता र कूटनीतिक प्रक्रियाबाटै नेपाललाई फिर्ता गरियून् । नेपालको आर्थिक उन्नति, सामरिक सुरक्षा शान्ति र स्थिरतामा व्यवधान उत्पन्न गर्ने दुई देशहरुबीच भएका सन्धि र सम्झौताहरु खारेज होऊन् । औद्योगिक प्रक्रियालाई अवरुद्ध हुनबाट या नेपालको आर्थिक समृद्धि अवरोध गर्ने भारतीय हस्तक्षेप बन्द होस् । दुवै देशका जनताबीचको भातृत्वको सम्बन्ध समानताको आधारमा विकसित हुन पाओस् । र, नेपाली जनताको आकाङ्क्षा त्यसबाट बढेर अझ परसम्म पनि देखिन्छ, दुवै देशहरुका जनताको रगतपसिनामा दोहन गर्ने सामन्तवाद, दलाल पुँजीवाद र एकाधिकार पुँजीवादको सिकन्जा सदाका लागि सर्वनास होस् र दुवै देशहरुमा समाजवादी व्यवस्था स्थापना गरियोस् जहाँ कसैले कसैलाई उत्पीडन गर्न नपर्ने, कसैको सीमा कसैले मिच्न नपर्ने, कसैले कसैसँग युद्ध गर्न नपर्ने राजनीतिक व्यवस्था, आर्थिक आधार र सभ्य संस्कृतिको निर्माण होस् ।

जबसम्म यी विषयहरु वैज्ञानिक तरिकाले सुल्झँदैनन्, तबसम्म यी विवादहरु रहनु स्वाभाविक हुन्छ । पुँजीवादी साम्राज्यवादको विशेषता मानिसका राष्ट्रिय भावना र स्वार्थहरुमा दमन गर्नु र त्यसमा मुनाफा गर्नु रहँदै आएको छ । जसको परिणाम राष्ट्रियता हरेक मानिसको प्रमुख विषय बन्न पुग्छ । भारत र बङ्गलादेश, भारत र पाकिस्तान, भारत र नेपाल, भारत र चीन, भारत र भुटान, भारत र बर्मा र यहाँसम्म कि भारत र सिक्किम, भारत र कस्मिर, भारत मनिपुर एवम् भारत नागाल्यान्डका राष्ट्रियताका बीचमा सीमा क्षेत्रमा तनाव उत्पन्न हुनु त्यसका परिणाम हुन् । भारतीय सङ्घभित्र आबद्ध रहेका विभिन्न राष्ट्रियताका बीचमा पनि जमिन, जङ्गल, पानी, खनिज र अन्य प्राकृतिक स्रोतका बीच खिचातानी र सङ्घर्ष हुनु पनि त्यसको परिणाम हो । भारतीय साम्राज्यवादका लागि कुनै इतिहासको कुनै कालखण्डमा भारतमा पर्ने लुम्बिनी भारतको जस्तो लाग्न सक्छ, जसको कारण व्यापारका लागि भए पनि "बुद्ध भारतमा जन्मिएको" प्रचार गरिन्छ । नेपालका लागि पूर्वमा टिष्टा र पश्चिममा काँगडा, दक्षिणमा गोरखपुर र लखनउ नेपालका भूभाग हुन् भन्ने मनोविज्ञान स्वभावतः बन्ने हुन्छ । भारत र चीनका बीचमा पनि लद्दाख र हिमाञ्चलको भूभागका बारेमा त्यही प्रकारको मनोविज्ञान नहुने गरेको होइन ।



सायद यस्तै प्रकारको राष्ट्रियताका विवाद सुल्झाउन युरोपमा एम्युएल कान्टले पहिलोपटक युरोपियन युनियनको अवधारणा विकास गरेको हुनुपर्छ । ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्लेषणका आधारमा कार्ल मार्क्सले वैज्ञानिक समाज साम्यवादको कल्पना गर्नुभयो ।सबै जनताको सम्मान हुने हो भने, सबै राष्ट्रियताहरुले समानताको अनुभूति गर्न पाउने हो भने जनवादी गणतन्त्रभित्रै पनि एसिया महासङ्घ हुनु कुनै पनि जनताका लागि आपत्तिको विषय हुँदैन । पूर्वमा जापान, फिलिपिन्स र इन्डोनेसियादेखि उत्तरमा रुस र चीन, दक्षिणमा भारतदेखि पश्चिमा इजरायल र टर्कीसम्म र मध्यमा भियतनाम हुँदै भुटान, नेपाल, पाकिस्तान, अफगानिस्तान, इरान, इराक, साउदी अरेबियासम्मको विशाल जनसङ्ख्या, विशाल प्राकृतिक सम्पदा, विशाल भूभाग एसिया महासङ्घमा एउटै मुद्रा, एउटै उत्पादन पद्धति, एउटै मनोविज्ञान र एउटै अन्तर्राष्ट्रिय मानव संस्कृतिमा हजारौँ फूलहरु एउटै मालामा आबद्ध हुनु सम्भव हुन सक्थ्यो । स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न, स्वाभिमान र समृद्ध राज्यहरुको यो महासङ्घ साम्यवादी समाजतिर अगाडि बढ्ने एउटा बाटो पनि हुन सक्थ्यो । तर विश्व बजार कब्जा गरेको एकाधिकार पुँजीवाद र त्यसको नियन्त्रणमा रहेको दलाल पुँजीवादले जनताको यो एकतालाई सत्ताको दुरुपयोग गरी कहीं कतै बन्न दिँदैन । इतिहासमा बनिसकेका संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत, युरोपियन युनियनजस्ता महासङ्घहरुमा एकाधिकार पुँजीवादीको उत्पीडनका कारण जनताको वास्तविक एकता सम्बोधन हुनसकेको छैन । जनताको वास्तविक जनतन्त्र स्थापित नहुनुको कारण यसप्रकारका युनियनहरु एकाधिकार पुँजीपतिको बृहत् लुटको बजार हुने गरेका छन् ।

जब सत्तामा पुगेको एकाधिकारवादी पुँजीवादी वर्गले सम्पत्ति र तागतको प्रयोगबाट जनताका बीचमा विभाजन गर्न पुग्छ र एउटै राष्ट्रभित्र अनेक समस्या पैदा गरिदिन्छ, आर्थिक एवम् सामरिक रुपमा भिन्न अवस्थाका दुई देशहरुबीचको सम्बन्ध पनि त्यही प्रकारले प्रभावित हुन पुग्छ । भारत र नेपाल दुई सार्वभौमसत्ता सम्पन्न मुलुकहरु भए पनि व्यवहारमा नेपाल भारतको नवउपनिवेशसरह रहेको छ । यी दुई देशहरुमा तमाम भावनात्मक तथ्यहरुमा समानता भए पनि आधारभूत तथ्यहरु आर्थिक, राजनीतिक र सामरिक क्षेत्रमा समानता छैन । नेपाल आर्थिक रुपमा उत्पीडित छ, राजनीतिक रुपमा पराधीन छ र सांस्कृतिक रुपमा अपहेलित । यसले नेपाली शासक र भारतीय शासकहरुको स्तर र सम्बन्धलाई निर्धारण गर्दै आएको छ र यो नै नेपाली जनताको मुख्य सरोकार बनेको छ अहिले ।

यही कारण हो- नेपालमा जति प्रधानमन्त्रीहरु नियुक्त हुन्छन्, उनीहरुको हैसियत नेपालका लागि भारतका राजदूत वा गभर्नरभन्दा तल्लो स्तरको जस्ता हुने गर्छन् । त्यसकारण हरेक प्रधानमन्त्रीहरु भारतले जे भन्छ त्यहीमा हस्ताक्षर गरेर फर्कन विवश हुन्छन् । हरेक सरकार आफ्नो स्वविवेक र जनताको हितमा भन्दा भारतीय विवेक, उसैको स्वार्थ र हितबाट परिचालित हुने गर्दछ । भारत भ्रमण गर्ने विगतका सबै प्रधानमन्त्रीहरुले त्यही गरे र अहिले शेरबहादुर देउवाले पनि । नेपालको राजनीतिमा जबसम्म राजनीतिक क्रान्ति पूरा गर्न सकिँदैन, जबसम्म देशले भारतसँगका असमान सन्धिसम्झौताहरुबाट मुक्ति प्राप्त गर्न सक्दैन, जबसम्म देशमा आमूल परिवर्तन ल्यउन सकिँदैन त्यतिन्जेलसम्मका सबै प्रधानमन्त्रीहरुको हविगत यही हुनेछ ।

नरेन्द्र मोदी र शेरबहादुरले हस्ताक्षर गरेका ४६ बुँदे संयुक्त वक्तव्यमा कतिपय यस्ता सन्ध्या भाषाहरु प्रयोग गरिएका छन् जसले द्वैध अर्थ दिने गर्छ । संयुक्त वक्तव्यको बुँदा नम्बर ५ मा त्यस्तै प्रकारको सन्ध्या भाषा प्रयोग भएको छ । त्यसमा भनिएको छ, भारतका प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीलाई जुन २०१७ मा प्रधानमन्त्री भएदेखि पहिलोपटक भारतको निमन्त्रणा स्वीकार गरी पहिले भ्रमण गर्नुभएकोमा धन्यवाद दिनुभयो । यही भाषा अमेरिकी राष्ट्रपति या बेलायती प्रधानमन्त्रीको सन्दर्भमा प्रयोग हुन्थ्यो भने भारत उनीहरुप्रति आभारी भएको अर्थ लाग्थ्यो । तर नेपाल नवऔपनिवेशिक देश भएको कारण भारतको आदेश पालन गरेकोमा धन्यवादको पात्र बनेको अर्थ लाग्छ । तर यही कुरा चिनियाँ भेटमा हुन्छ भने या अन्य देशमा हुन्छ भने त्यसको अर्थ भने फरक देखिन्छ किनकि उनीहरुको सम्बन्ध नेपालसँग बेग्लैप्रकारको रहने गरेको छ । संयुक्त वक्तव्यको बुँदा नम्बर २८ मा सप्तकोसी उच्च बाँध र सुनकोसी डाइभर्सन निर्माण गर्न दुवै सरकारले तीव्रता दिने भनिएको छ जब कि कोसी उच्च बाँधका विषयमा त्यसको परियोजनाकै विषयमा व्यापक हेरफेर गर्नु आवश्यक छ । विद्यमान परियोजनाको नेपालमा ठूलो विरोध हुँदै आएको छ किनभने त्यो भारतको स्वार्थमा नेपालमाथि अन्यायपूर्ण तरिकाले निर्माण गरिँदैछ ।

बुँदा नम्बर २९ मा नेपाल भारत जोड्ने ट्रान्समिसन लाइन बनाउने कुरा उल्लेख गरिएको छ जसको उद्देश्य कोसी कोरिडोरबाट उत्पादन गरिने बिजुली भारत पुऱ्याउने र नेपाललाई आवश्यक पर्ने भारतबाट खरिद गरी ल्याउने नीतिमा आधारित रहेको छ । ३८ नम्बर बुँदामा पशुपति क्षेत्रको विकास गर्ने जिम्मा भारतले लिने भएको छ । देशको एउटा मन्दिर मर्मत गर्न नसक्ने हुतिहाराहरुले देशको विकास कसरी गर्न सक्छ ? यसमा नेपाली शासकहरुको लाचारीको पराकाष्टा देखापरेको छ । नेपालका शासकहरु कुन कुरा प्रमाणित गर्न खोजिरहेका छन् भने यिनीहरु पशुपति क्षेत्रको संरक्षण, निर्माण र सञ्चालन पनि आफ्नो बुताले गर्न सक्दैनन् । बुँदा नम्बर ४१ मा परराष्ट्र मामिलामा भारतको सुरक्षा परिषद्मा सदस्यताका लागि लबिङ गर्ने र अन्य अन्तर्राष्ट्रिय मामिलामा भारतसँगै उभिने गरी सहमति गरिएको छ । प्रचण्डले भारत भ्रमण गर्दा गरिएको २५ बुँदे सहमतिमा यो बुँदामा छिराइएको थियो । यही बुँदालाई अहिले निरन्तरता दिइएको छ जसले नेपालको स्वतन्त्र अस्तित्व समाप्त पारेको छ । त्यस्तै गरी बुँदा नम्बर १२ मा भनिएको छ, दुवै प्रधानमन्त्रीहरु सुरक्षाका विषयमा उत्कृष्ट प्रकारको सहकार्यमा एकापसमा सन्तुष्ट छन् । त्यस्तै यही बुँदामा खुला सिमानालाई विशिष्ट परिवेश भनिएको छ र त्यसको निरन्तरताको सङ्केत गरिएको छ जब कि नेपालको आर्थिक विकास र जनताको सम्पत्तिको रक्षाका लागि, नेपालका राष्ट्रिय पुँजीपतिको संरक्षण र जनताको आर्थिक उत्पादनमा वृद्धि गर्नका लागि नेपाल-भारत सिमाना नियमन र नियन्त्रण गर्न आवश्यक भैसकेको छ । संयुक्त वक्तव्यको १४ र १५ बुँदाले नेपालको विकास प्रक्रियालाई भारतीय सहयोगमा अघि बढाउने भनिएको छ तर भारतले हातहालेका जति परियोजनाहरु सबै ढिलासुस्तीको सिकार हुने गरेका छन् । त्यति मात्र होइन, नेपालका प्राकृतिक सम्पदामाथि भारतीय नियन्त्रण कायम राख्ने र कहिल्यै निर्माण नगर्ने समस्या पनि रहने गरेको छ । १७ नम्बर बुँदामा रेल लाइन जोड्ने कुरा गरिएको छ तर त्यसको चरित्र बेलायतले भारतमा निर्माण गरेको लाइनजस्तै देखा पर्छ । नेपालको खनिज र बनजङ्गल, कच्चा पदार्थ र ढुङ्गा, बालुवा ढुवानीका लागि सहज बनाउने उद्देश्यबाट मात्र रेल निर्माण गर्ने लक्ष्य राखेको देखिन्छ । त्यस्तै बुँदा २२ र २३ मा भारतबाट नेपालमा पेट्रोलियम ढुवानी गर्ने, पाइप लाइन बिछ्याउने र अमलेखगन्जसम्म एलपीजी पाइप बिछ्याउने व्यवस्था गरिएको छ तर यो सम्झौतामा भारतले नेपालको बजारमा एकाधिकार कायम गरी नेपाली पेट्रोलियम तथा ग्याँस उद्योगलाईसमेत नकारात्मक प्रभाव पार्ने र अन्य मुलुकबाट प्रतिस्पर्धामा आयात गर्न नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

नेपालबाट भारतमा निर्यात गर्ने र भारतीय बजार नेपाली उत्पादनका लागि सुनिश्चित गर्ने विषयमा यो सम्झौतामा कहीँ छोइएको छैन । नेपाली उत्पादनमा भारतले अनेक प्रकारका व्यवधान खडा गर्दै आएको छ । भारतीय लगानीबाहेकको उत्पादन भारतमा जान नदिने नीतिले नेपाली उद्योगीहरु निरुत्साहित भएका छन् । सन् १९९० देखि अहिलेसम्म आउँदा नेपालका सम्पूर्ण उद्योगहरु बन्द भएका छन् र नेपालमा जति उद्योगहरु चलेका छन् ती सबै भारतीय उद्योगहरु मात्र रहेका छन् ।

शेरबहादुरको भ्रमणलाई प्रमुख सरकार साझेदार पार्टी माओवादी केन्द्रका अध्यक्षले सफल भएको जिकिर गर्नुले भारतलाई रिझाउन देशको कुनै पनि हितलाई दाउमा राख्न र राष्ट्रहित विपरीत काम गर्न उनीहरुको गहिरो मिलोमतो रहेको प्रस्ट देखापर्छ । प्रचण्ड-बाबुरामदेखि केपी ओलीसम्मका नेताहरुले आफ्नो राजनीतिक जीवनमा भारतीय साम्राज्यवादका विरुद्ध सङ्घर्ष नगरेका होइनन् । कहाँसम्म भने काङ्ग्रेसका नेताहरुलाईसमेत नेपालको पराधीनताको अवस्था जानकारी नभएको पनि होइन । फेरि पनि उनीहरुले साम्राज्यवादको सेवामा समर्पित हुनुपर्ने अवस्था आउनु देशको पराधीन अवस्थामा परिवर्तन नआउनुको कारण हो । जनताको हितमा सत्ताभन्दा पनि सत्तामा टाँसिन शक्तिको आड लिनु यिनीहरुको नियति बनेको छ ।

कम्युनिस्ट आन्दोलनका विगतका प्रयत्नझैँ माओवादी जनयुद्ध देशको राष्ट्रियता, जनतन्त्र, जनजीविकासँग सम्बद्ध यिनै समस्या समाधान गर्नका लागि थियो । त्यसका लागि एउटा पूर्ण क्रान्तिको आवश्यकता थियो । माओवादी आन्दोलन शान्तिप्रक्रियामा आउँदा संसदवादी पार्टीहरुले देशले स्वाधीनता प्राप्त गर्ने बचन दिएका थिए र माथिका समस्याको समाधान दिने प्रतिबद्धता व्यक्त गरेका थिए । तत्कालीन माओवादी नेतृत्वमा रहेका प्रचण्ड-बाबुरामहरुले पनि त्यसमा विश्वस्त हुन अपिल गरेका थिए । प्रचण्ड-बाबुरामहरुले त राजनीतिक क्रान्ति पूरा भैसकेकाले आर्थिक क्रान्ति गर्नुपर्ने बताइरहेका थिए । हामीले त्यसलाई जनतालाई ढाँट्ने नेपाली राजनीतिको निरन्तरता भएको बताएका थियौँ । आहिले ती तथ्यहरु एकपछि अर्को गरी सत्य साबित हुँदै गैरहेका छन्- बुर्जुवा सामन्त तथा दलाल पुँजीवादीहरुबाट देशको स्वाधीनता, आर्थिक समृद्धि र सांस्कृतिक रुपान्तरण सम्भव छैन । त्यसकाखलागि एउटा क्रान्तिको आवश्यकता छ, त्यो क्रान्ति हामी अब पुरानो तरिकाले होइन, एकीकृत जनक्रान्तिको कार्यदिशामा नयाँ तरिकाले सम्पन्न गर्नेछौँ । जतिबेला नेपालमा एउटा राजनीतिक क्रान्ति सम्पन्न हुनेछ, त्यसपछि नेपालका कुनै शेरबहादुर वा बाबुराम-प्रचण्डहरु वा केपी ओली र सूर्यबहादुरहरुले भारतीय हस्तक्षेप र हेपिने अवस्थाको सामना गर्नुपर्ने छैन । देशले स्वाधीनता प्राप्त गर्नेछ र समृद्धिको बाटोमा अघि बढ्नेछ ।



JP MOTORS PVT LTD
Bharatpur-10, Hakimchowk, Chitwan
Contact: 056-528969/528989

# कोरियामाथिको हस्तक्षेपको विरोध

अमेरिका र उसका गठबन्धन देशहरूले उत्तरकोरियामाथि बर्सौंदेखि नाकाबन्दी लगाउँदै आएको छ । अमेरिकामा डोनाल्ड ट्रम्प विजयी भएपछि हालै चर्को नाकाबन्दी लगाएको छ । ट्रम्प प्रशासनले उत्तरकोरियाको सीमानजिक दक्षिणकोरियामा थाडसहित जासुसी प्रणाली जडान गरेको छ । हालै दक्षिणकोरिया र संयुक्त राज्य अमेरिकाले कोरियाली प्रायद्वीपमा संयुक्त सैन्य अभ्यास गरेका छन् । सो सैन्य अभ्यास उत्तरमाथि आक्रमण गर्ने उद्देश्यले गरिएको हो । उत्तरकोरियाले आत्मरक्षाका लागि आणविक हतियारको विकास गरिरहेको छ तर अमेरिका, बेलायत र फ्रान्सले आणविक हतियारमा एकाधिकार कायम गर्न चाहेका छन् । विश्वभरि आतङ्क विस्तार गरिरहेका यी देशहरू नै गैरजिम्मेवार छन् । उनीहरूबाट नै विश्व असुरक्षित छ । तसर्थ विश्वका हरेक देशहरूलाई अमेरिकालाई जसरी नै आणविक हतियार निर्माण र विकास गरेर आत्मरक्षा गर्ने अधिकार छ । हाल अमेरिकाको हस्तक्षेपका कारण कोरियाली प्रायद्वीप युद्धको सँघारमा धकेलिएको छ । त्यहाँ युद्ध भड्केमा आणविक हतियार प्रयोग हुनसक्ने र त्यसबाट विश्वभरि भयावह परिस्थिति उत्पन्न हुनेछ तसर्थ नेकपाले आइतबार एक विज्ञप्ति जारी गर्दै अमेरिकालाई युद्ध भड्काउने हर्कत रोक्न माग गरेको छ । आइतबार नेकपाका स्थायी समिति सदस्य तथा विदेश विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' ले विज्ञप्तिमार्फत सो माग गर्नुभएको हो । विज्ञप्तिको पूर्ण पाठ -

जनगणतन्त्र कोरियाका विरुद्धको कथित नाकाबन्दी र सम्भावित युद्धको विरोध गरौं ।

अहिले विश्वले जनगणतन्त्र कोरिया (डीपीआरके) र संयुक्त राज्य अमेरिका (यूएसए) का बीच एउटा गम्भीर तनाव र युद्धको भयङ्कर खतरा देखिइरहेको छ । यो विवादले विश्वलाई क्रमशः ध्रुवीकृत गर्दै पनि लगिरहेको छ । विश्वको एउटा हिस्साले अमेरिकाको पक्ष लिइरहेको छ र अर्को पक्षले डीपीआरकेको पक्ष लिँदैछ । यो अवस्था यी दुई देशबीच युद्ध भड्कन बिटसम्म आउनुले पैदा भएको हो ।

कोरियन जनताले किम इल सुङको नेतृत्वमा अमेरिकालाई युद्धमा परास्त गरी धपाएपछि कोरिया र अमेरिकाबीच युद्धविराम भएको अहिले करिब ६ दशक भयो जुन समयदेखि त्यहाँ जनगणतन्त्र कोरियाको स्थापना गरियो । त्यो समयदेखि अमेरिकाले डीपीआरकेविरुद्ध जनताको आर्थिक विकास र जनजीविकामा सुधारलाई अवरुद्ध गर्न विभिन्न तहको नाकाबन्दी थोपर्दै आएको छ र डीपीआरकेविरुद्ध शत्रुतापूर्ण व्यवहार एवम् साम्राज्यवादी मिसनमा निरन्तरता दिँदै आएको छ । यूएसएले जापानका विरुद्ध आफ्नो आणविक बम प्रयोग गरिसकेको छ र विश्वका जनताका विरुद्ध विभिन्न स्तरका हतियार प्रयोग गरिसकेको छ । यूएसएले यसका आणविक ताकत र अत्याधुनिक हतियार विश्वका जनतालाई चुनौती दिन, सरकार हरूमाथि ब्ल्याकमेलिङ गर्न र यसको साम्राज्यवादी नीति थोपर्दै विश्वका आमजनतामाथि दमन र उत्पीडन थोपर्न प्रयोग गर्दै आएको छ ।

यसको दुस्मनीपूर्ण नीतिलाई निरन्तरता दिँदै यूएसएले अहिले डीपीआरकेका विरुद्ध उसको आणविक कार्यक्रम र मिसाइल परीक्षणको विषयलाई निहुँ बनाएर फेरि युद्धको धम्की दिने, कोरियन जनतालाई होच्याउने र विश्वलाई ब्ल्याकमेलिङ गर्ने कामलाई तीव्रता दिएको छ । यही ६ अगस्त २०१७ मा यूएसएले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्लाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खतरा भन्दै कथित नाकाबन्दी प्रस्ताव २३७१ पास गर्न उपयोग गऱ्यो । यो प्रस्तावमार्फत यूएसएले यस्तो अपराध गर्दैछ, जसले सामान्य व्यापार व्यवसाय र आर्थिक विनिमय गर्नसम्म प्रतिबन्द लगाउनेछ, जसबाट विश्वसामु डीपीआरकेको विचारधारा र राज्य व्यवस्थाको अन्त्य गर्ने र कोरियाली जनताको सर्वनास गर्ने नियत खुलस्त राखेको छ ।

यो यूएन नाकाबन्दी प्रस्तावको तर्क जेसुकै गरियोस्, यसले डीपीआरकेका जनतालाई दुःख दिने, त्यहाँको अर्थतन्त्रलाई कमजोर बनाउने र त्यो देशलाई विश्वबाट अलगथलग बनाउने उद्देश्यमा आधारित रहेको छ ।

अमेरिकाबाट विगत ६ दशकदेखि बारम्बार युद्धको धम्की आइरहने, र विश्वका कमजोर देशहरूमाथि युद्ध थोपरिने गरेको कारण डीपीआरके जस्तो सार्वभौमसत्ता सम्पन्न राष्ट्रको लागि एउटा शक्तिशाली अझ सबैभन्दा शक्तिशाली आणविक हतियारको विकास गर्नु सही र युक्तिसङ्गत अधिकार हो । यो सन्दर्भमा डीपीआरकेलगायत एसिया महादेशका दक्षिणएसियाली तथा मध्यपूर्वका देशहरूले आत्मरक्षाका खातिर, संसारको सबैभन्दा ठूलो आणविक हतियार भण्डारण गर्ने देश अमेरिकाको धम्कीको चुनौती सामना गर्न आणविक हतियार निर्माण गर्नु युक्तिसङ्गत हुन्छ । अमेरिकाले यसप्रकारको नीतिलाई "अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा खतरा" भन्नु गुण्डागर्दीको तर्क प्रयोग गर्नुजस्तै हो, जसको उद्देश्य या त अमेरिकी साम्राज्यवादी लुटका लागि सबै देशले तयार हुनुपर्छ या ऊ अमेरिकी युद्धको सिकार हुनुपर्छ भनेजस्तै हुन्छ ।

यूएसएले विश्वका साना देशहरू र कमजोर देशहरूलाई खराब राज्यका रूपमा चित्रित गर्दै आएको छ । इतिहासले बारम्बार पुष्टि गरेको तथ्य के हो भने आफैँलाई विश्वको महाशक्ति मान्ने अमेरिका आफैँमा विश्वको एउटा खराब सत्ता हो ।

यो सन्दर्भमा डीपीआरके र अरू सार्वभौम देशहरूले पनि परिस्थितिको सामना गर्न सम्भव भएको सबै प्राप्त गर्ने नीति तय गर्नुपर्छ । माओले "जनतासँग जनसेना छैन भने ऊसँग आफ्नो भन्ने केही हुँदैन" भन्नुभएजस्तै जुछे विचारको आत्मनिर्भर नीतिभित्र डीपीआरकेले यूएसएको बहकावमा संयुक्त राष्ट्रसङ्घले विगत तमाम दशकहरूमा पास गरेका नाकाबन्दी प्रस्तावहरूका विरुद्ध कठोर सङ्घर्ष गर्दै आणविक हतियार र लामो दूरीका क्षेप्यास्त्र परीक्षण र विकास गरेर सम्भव भएको सबै प्राप्त गर्ने प्रयत्न गरेको छ ।

आफ्नो स्वाद भरेको समयमा यूएसए, फ्रान्स र बेलायतले संसारको सबैभन्दा धेरै आणविक तथा अन्तरमहादेशीय क्षेप्यास्त्र परीक्षण गरेर खुला रूपले आणविक प्रभुत्व स्थायी रूपमा आफ्नो नियन्त्रणमा राख्न खुला बहस चलाइरहेका छन्, उनीहरूले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्लाई डीपीआरके र अन्य कमजोर देशहरूका विरुद्ध आणविक हतियार शक्तिशाली बनाउने र आत्मरक्षा बलियो बनाउने कामलाई अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेको भन्दै गल्ती देखाउने र अनेक प्रकारका नाकाबन्दी गर्ने प्रस्ताव पास गर्न प्रयोग गरेका छन् । कथित स्थायी आणविक शक्तिहरूको यो तर्कले द्वैध मापदण्डको उजागर गर्दछ ।


यो अवस्थामा, जुन देशहरू र सुरक्षा परिषद्का सदस्यहरूले डीपीआकेका विरुद्ध नाकाबन्दीको प्रस्ताव पास गरेर कोरियन प्रायःद्वीपमा तनाव कम गर्ने अभिलाषा राखेका छन्, त्यसमा उनीहरू सफल हुने देखिँदैन, बरु त्यस क्षेत्रको शान्ति र सुरक्षा भताभुङ्ग पार्नेछन् ।

हाम्रो पार्टी यूएसएको डीपीआरके सरकार, कोरियन जनताका साथै संसारका जनता र अमेरिकाभित्रै रहेका उत्पीडित जनताका विरुद्ध शत्रुतापूर्ण नीतिको विरोध गर्दछ । अमेरिकी साम्राज्यवादी धनाढ्यहरूले अमेरिकी जनता, विश्वका उत्पीडित ९९ प्रतिशत जनतालाई निचोर्दै जसरी जनतामाथि युद्धअपराध थोपरेका छन् र विज्ञान र प्रविधिको दुरुपयोग गर्दै नाफाका लागि प्राकृतिक वातावरण र मानवताका विरुद्ध अपराध गरेका छन्, हाम्रो पार्टी त्यसको विरोध गर्दछ ।

हामी यूएसको यसप्रकारको विश्वका उत्पीडित जनताका विरुद्ध गरिने शत्रुतापूर्ण साम्राज्यवादी नीतिको विरोध गर्न नेपाली क्रान्तिकारी जनता र विश्वभरका उत्पीडित जनतालाई खडा हुन र विश्वमा पूर्ण जनवादका लागि खडा हुन अपिल गर्दछौँ । हामी अमेरिकाले डीपीआरकेका विरुद्ध नाकाबन्दी र युद्ध थोपर्ने, दक्षिणएसियाका देशहरू तथा मध्यपूर्वका देशहरूमा युद्ध थोपर्ने नीतिका विरुद्ध खडा हुन अपिल गर्दछौँ । हामी समस्त जनतामा सिरियालगायत अन्य उत्पीडित राष्ट्रका विरुद्ध अमेरिकी दादागिरीको विरोधमा खडा हुन पनि अपिल गर्दछौँ । संसारभरका उत्पीडित जनतालाई अमेरिकी साम्राज्यवादी तथा यसका सहयोगी शक्ति राष्ट्रको दयामा विश्वमा शान्ति, स्थिरता र प्रगति आउँछ भन्ने सपनाको भ्रम पूर्ण रूपले परित्याग गर्न पनि अपिल गर्दछौँ । हामी विश्वका सबै जनतालाई वैज्ञानिक समाजवाद स्थापना गर्न खडा हुन अपिल गर्दछौँ, जुन समाजमा मानवजाति अन्तर्राष्ट्रियतावादी जाति हुनेछ र कुनै पनि मानिसले कुनै पनि मानिसबाट उत्पीडित हुनुपर्ने छैन ।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल
विद्यासदन आवासीय मा.वि.
कनिबहाल, ललितपुर
९८४०११३३३९

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नमूना मच्छिन्द्र बहुमुखी क्याम्पस
लगनखेल, ललितपुर




# प्रगतिवादी साहित्य लोकप्रियकरणको प्रश्न


अनिल शर्मा

कम्युनिस्ट पार्टीको स्थापनादेखि नै नेपालमा प्रगतिवादी साहित्यकला तथा संस्कृतिको जग बसेको हो । जसरी समाजमा वर्गमा विभाजित छ, त्यसैगरी कला र साहित्यको पनि आ-आफ्ना धाराहरू समाजमा रहेका हुन्छन् । तिनका बीचमा टक्कर चलिरहेको हुन्छ। शोषकवर्ग र शासकवर्गका सपना, आवश्यकता, रुचि, चाहना, प्राथमिकता, चेतना र छनोट फरक-फरक हुन्छन् । अर्कोतिर शोषकवर्गको संस्कृति नै सत्तारुढ संस्कृति हुने भएको हुनाले जनताले आफ्नो हित र आवश्यकताको विरुद्ध भए पनि शोषकवर्गको संस्कृतिलाई ग्रहण गरिरहेको हुन्छ। संस्कृतिको मामिला निकै जटिल र वक्ररेखामा हिंड्ने मानवीय चेतनपक्ष हो। एकातिर शोषकवर्गको संस्कृतिविरुद्ध युगौंदेखि जनताले आफ्नो परिस्थितिअनुसार प्रतिरोध गरिरहेको छ भने अर्कोतिर त्यसलाई ग्रहण पनि गरिरहेको हुन्छ। जस्तो कि आफ्नै हितविरुद्ध रहेको धर्मलाई उसले ग्रहण गरिरहेको हुन्छ । अर्कोतिर त्यसको विरुद्ध प्रतिरोधी संस्कृतिको सिर्जना पनि गरिरहेको हुन्छ। 'गरिबलाई नगर हेला, छेउको सियो माझैमा कोही बेला' यसप्रकारका लोकगीतहरू समाजमा यत्रतत्र छरिएर रहेका छन् । आजको प्रगतिवादी साहित्य त्यसैको उत्तरदानका रूपमा रहेको छ । अब प्रश्न उठ्छ जनताको वा जनताको पक्षधर कला-साहित्य तथा संस्कृति लोकप्रिय छ कि छैन ? त्यसको मापन केहो ? लोकप्रियकरणको प्रक्रिया के हो ?

आलेखको सुरुमै भनिएको छ- सत्तारुढवर्गको संस्कृति नै समाजको सत्तारुढ संस्कृति हुन्छ । शोषकवर्ग सत्तारुढ भएको समाजमा सर्वहारावर्गको संस्कृति सत्तारुढ र मुख्य धाराका रूपमा खोज्ने चिन्तन नै अवस्तुवादी चिन्तन हो। सर्वहारावर्गको वैचारिक सत्ता जति बलियो बन्दछ अथवा सत्तारुढ हुन्छ, त्यत्तिकै स्तरमा शोसकवर्गको भौतिक सत्ता पनि उखेलिन थाल्दछ । अर्कोतिर सर्वहारावर्गको सत्तासँगै उसको संस्कृति पनि सत्तारुढ बन्दै जान्छ। यद्यपि शोषकवर्गको भौतिक सत्ता ढलेपछि पनि निजी मालिकत्वको उत्पादन सम्बन्ध र त्यसबाट पैदा भएको चेतना समाजमा रहेसम्म शोषकवर्गको संस्कृतिको अस्तित्व रहिरहन्छ। जसरी पुँजीवादी उत्पादन प्रणाली सामूहिक बन्दै गएको र वितरण निजी बन्दै गएको छ, त्यसरी नै उत्पादन प्रणाली र वितरण प्रणालीका बीचमा अन्तर्विरोध बढ्दै गएको छ। त्यसैकारणले गर्दा न्यायपूर्ण वितरण प्रणालीको आवश्यकताबोध हुँदै गएको छ।

प्रगतिवादी क्षेत्रबाट जे-जति सिर्जना भएका छन्, ती सिर्जनाहरू सचेत राजनीतिक वृत्तमा चर्चित, स्थापित वा लोकप्रिय छन् तर जनताको तल्लो तहमा वा आम जनमनमा लोकप्रिय देखिन्न। त्यसको कारण के हो ? आफ्नो पक्षधर कला-साहित्य ग्रहण नगर्ने जनता दोषी हुन् कि त्यो पस्कने हामी प्रगतिवादी सर्जक कलाकार दोषी हौं ? यो निकै पेचिलो प्रश्न हो । यो प्रश्नलाई विभिन्न कोणबाट हेर्नुपर्दछ। पहिलो, संस्कृति स्वतः नभएर आवश्यकतालाई सचेततापूर्वक समाधान गर्दा सिर्जना हुने वस्तु हो । यससँग आर्थिक, कानुनी, प्रशासनिक, राजनीतिक थुप्रै पक्षहरूको भूमिका रहेको हुन्छ । त्यसैले त सत्तारुढवर्गको चेतना नै समकालीन समाजको सत्तारुढ चेतना बन्न जान्छ । सत्तारुढवर्गद्वारा घोषित अघोषित आक्रमण अथवा अर्घेल्याइँमा परेको साहित्यकला लोकप्रिय हुन गाह्रो हुन्छ । असचेत मान्छेका भावना, रुचि, इच्छा, आदतसमेतलाई प्रविधि र मनोवैज्ञानिक उपचारद्वारा आफ्नो अनुकूल ढाल्न सकिन्छ । पुँजीवादले बजारअनुकूलको चेतना निर्माण गरिरहेको छ। दोस्रो, चेतनाको गहिराइले संवेदनाको गहिराइ निर्धारण गर्दछ। आफ्नै अगाडि अर्को प्राणी काट्दा कुनै पशु आनन्दले उग्राएर बस्न सक्छ तर अर्को मान्छेमाथिको अत्याचार देखेर या पुर्खामाथिको अत्याचार बुझेर मान्छे भने मर्न मार्न तयार हुन्छ। पशु र मान्छेका बीचमा चेतनाको ठूलो खाडल भएकोले नै संवेदनामा यस्तो फरक देखिएको हो । हजारौं वर्षदेखिको अभाव र शोषणले गर्दा प्रगतिवादी फाँटमा रहेका सर्जकहरूको चेतनाको स्तर कमजोर छ। कमजोर चेतना स्तरका कारण संवेदन पक्ष पनि कमजोर छ। भौतिक साधनबाट पृथह रहेर उच्च चेतना निर्माण सम्भव छैन । मस्तिष्कको विकास आफैंमा लामो पौष्टिक खानपान उच्च प्रविधिसँगको संसर्ग तथा परिवेशबाट सम्भव हुन्छ। यो क्षेत्रमा जेजति कामहरू भएका छन्, त्यसमा सर्वहारावर्गभन्दा मध्यमवर्ग तथा निम्न पुँजीपतिवर्गबाट आएको जनशक्तिबाट भएको छ। सर्वहारावर्ग सत्तारुढ भएर एउटा युगको नेतृत्व नगरेसम्म सामन्ती तथा पुँजीवादी धाराकै स्तरमा कालजयी र लोकप्रिय सिर्जना हुन सम्भव छैन। यसले आफ्नो विकास र परिपक्वताका लागि निश्चित प्रक्रियाबाट गुज्रनैपर्दछ । जसरी सामन्ती कला-साहित्य रातारात निर्माण भएको होइन, त्यसरी नै प्रगतिवादी कला-साहित्य पनि रातारात मूलधारमा आउन सक्दैन। तेस्रो, प्रगतिवादी कला-साहित्यमा अन्तर्वस्तुमा अतिशय जोड दिंदा त्यसको रूप पक्षमा ध्यान पुग्न सकेको छैन। अन्तर्वस्तु र रूपको उचित संयोजन नगरी प्रगतिवादी कला-साहित्य नै बन्दैन। प्रगतिवादी साहित्य कला र पुँजीवादी कला-साहित्यका आवश्यकता र प्राथमिकता फरक-फरक छन् । सर्वहारा वर्गसङ्घर्ष, प्रतिरोध र युद्धमा छ। आवेग, उद्वेलन, आक्रोश, प्रतिरोध, विद्रोह प्रगतिवादी कला-साहित्यको प्राथमिकता हो । त्यस्तो अवस्थामा यसलाई स्थिर वा कालजयीभन्दा तत्कालको बहुजनको आवश्यकता पूरा गर्ने साहित्य चाहिएको छ। विचार र व्यवहारमा पुँजीवादी कित्तामा रहेका कम्युनिस्ट नामधारी अमूक व्यक्तिहरूले प्रतिध्रुवीय धारामै लहसिएको गुनासो गर्नु आफैंमा वैचारिक समस्या बन्न जान्छ। चौथो, निजत्व मानवीय पक्ष हो । त्यसलाई निषेध गर्न सकिन्न। सामूहिकता हरेक प्राणीमा रहन्छ। त्यसैले त जङ्गली जनावर पनि बथानमा बस्छन्। निजत्व र सामूहिकता दुबै मानवीय पक्ष हुन्। कला-साहित्यमा यी दुबै पक्षहरूलाई उचित सम्बोधन गर्नुको सट्टा निजत्वलाई निषेध गर्ने रोग छ । जहाँ पाठकले आफ्ना निजी सरोकारका विषय देख्दैन, त्यसप्रति उसको रुचि हुँदैन। निजत्वलाई सामूहिकताको विरुद्ध ठान्ने समस्या छ। पाँचौं, प्रगतिवादी कला-साहित्य आफ्नो उपादेयता पुष्टि गर्न वा स्तरीयता कायम गर्नमा पछाडि नै छ। मान्छेले किन कला-साहित्य माग गर्दछ त ? माओ त्से तुङ भन्नुहुन्छ, "साहित्य कलाको एक मात्र स्रोत मानिसको सामाजिक जीवन भए तापनि र यसको विषयवस्तु साहित्य कलाभन्दा अतुलनीय रूपले बढी सजीव र समृद्ध भएता पनि मानिसहरू जीवनबाट मात्रै सन्तुष्ट हुँदैनन् र तिनले साहित्य र कलाको पनि माग गर्दछ। यस्तो किन हुन्छ त ? किनभने जीवन र कला दुबै सुन्दर हुन्छन् तापनि साहित्य र कलाका कृतिहरूमा प्रतिबिम्बित मानव-जीवन वास्तविक दैनिक जीवनभन्दा बढी उच्चस्तरीय, बढी तीव्र, बढी केन्द्रीकृत, बढी विशिष्टतापूर्ण आदर्शको बढी नजिक र धेरै बढी व्यापक हुन्छ ।" त्यसप्रकारको स्तरीय सामग्रीको अभाव पनि लोकप्रिय नहुनुको कारण हो।




पुँजीपतिवर्गसँग प्रतिस्पर्धा गर्न सक्ने सर्जक र सिर्जनाले हुँदै नभएको होइन कि तिनले हुर्कने फैलने अवसर पाएका छैनन् । छैटौं, वर्गसङ्घर्ष आदर्शपूर्ण र विजयतिर भएको समयमा प्रगतिवादी कला-साहित्य पनि मौलाएको देखिन्छ । चौथो महाधिवेशनको धारा, झापाली विद्रोहको धारा र जनयुद्धको धाराले कला-साहित्यको गुण र मात्रा दुबैमा प्रगति गरेको देखिन्छ। यी धारामा आएको विचलनसँगै प्रगतिवादी कला-साहित्यको लोप्रियता पनि खस्केको छ। विश्व कम्युनिस्ट आन्दोलनमा मार्क्सवादी साहित्यको लोकप्रियताको प्रश्नमा पनि त्यो विषय त्यत्तिकै सत्य हो। जनताको आन्दोलन कमजोर हुँदै जाँदा, जनताको पक्षधर कला-साहित्य लोकप्रिय हुँदै जान सम्भव हुँदैन । यो कुरा लोकप्रियकरणको वस्तुगत नियमको विपक्षमा हुन जान्छ।

स्तरीय रचनाहरू नै लोकप्रिय हुन्छन् । लोकप्रिय रचनाहरू स्तरीय पनि हुन्छन्। यद्यपि यिनका बीचमा भिन्नता पनि छ। कतिपय स्तरीय सिर्जना लोकप्रिय नहुन सक्छन्। नजरले स्तरीयताको मापन गर्न सक्दैन। माओ त्से तुङ भन्नुहुन्छ, "लोकप्रिय बढी सरल र सुबोध हुन्छन्। त्यसैले आज व्यापक जनसमूहले तिनलाई बढी सजिलोसित स्वीकार गर्छन् । उच्चस्तरका रचनाहरू बढी परिस्कृत हुने हुनाले रच्न पनि बढी गाह्रो हुन्छ र सामान्य रूपले त्यस्ता रचनाहरू जनसमूहका माझमा सजिलै र छिट्टै फिजिन सक्दैनन् ।" जनताका आवश्यकताअनुसार रचना गर्दै जाँदा तिनीहरू लोकप्रिय हुन्छन् । लोकप्रियताले स्तरीय वा कालजयी सिर्जनाको आधार निर्माण गर्छन्।

आज भालेको डाँको फेरि अपेक्षित छ। सर्जकले विद्रोहको आँधी हाँक्न आवश्यक छ । मदन भण्डारीले राजनीतिमा ख्रुस्चेब मन पराउन थालेपछि नै रायन-रामेशभन्दा पुँजीवादी धाराका कवि-कलाकार मन पराउन थालेको यथार्थ बिर्सनुहुँदैन । त्यो कुरा जनताको हकमा पनि त्यत्तिकै सत्य हुन्छ। जनताले जति मात्रामा क्रान्तिकारी राजनीति अवलम्बन गर्दछन्, त्यत्ति नै प्रगतिवादी कला-साहित्य पनि मन पराउँदै जानेछन्। वैचारिक रूपमा सङ्गठित नभएको व्यक्ति पार्टीगत रूपले सङ्गठित हुँदैमा रूपान्तरित हुँदैन। तसर्थ, प्रगतिवादी साहित्य कलाको लोकप्रियताको प्रश्नलाई वर्गसङ्घर्षको सापेक्षतामा हेर्नुपर्दछ।

*स्रोत : प्रकाशोन्मुख कृति* ***समकालीन साहित्य र संस्कृति***

## कविता

### क्रान्तिको नयाँ झण्डा

**- लिला राना मगर**

बगिरहेको नदीजस्तै
किन बगिरहन्छ यो देशमा
विचारको अविरल नदी ?

सुन्दर सपनाहरू बोकेर
निस्किएका योद्दाहरू
मरुभुमिमा गिट्टी चालिरहेछन् यतिखेर
देशको भुगोलभित्र खुलेयाम गरिरहेछन्
लेण्डुपेहरू देश बेच्ने घृणित व्यापार
र साटिरहेछन् सहिदका बलिदान बेचेर
केवल सत्ता र कुर्सी

बजाउँदै प्रतिक्रान्तिका
पुरातन खैँजडी र बाजा
गाएका छन् भ्रमका कथित नाराहरू
के थाहा दलाल रक्तपिपासुहरूलाई !
घर नफर्किएका वेपत्ता
क्रान्तिमा ढलेका योद्धाहरूको शोकमा
देश डुबिरहेको बेला
देश जित्न निस्किएका जिउँदा योद्धाहरू
जलिरहेछन् खाडीको आगोमा

ओ खलनायक !
किन दुख्दैन तिम्रो छाती ?
हजारौँ सहिदको रगतले
भिजेको अपार मातृभुमिमा
किन रोप्दैछौ फेरि नयाँ युद्धको बीऊ ?

याद गर, जिउँदो छ क्रान्तियोद्धा
तिम्रो भ्रमका काला पर्दाहरू च्यात्दै
बोकिरहेछ मुक्तियुद्धको रातो झण्डा
गरिरहेछ जनक्रान्तिको नयाँ आब्हान
र उठेको छ मालेमावादको नयाँ झण्डा

आफ्नै देशको दुर्दान्त अनुहार देखेर
एकचोटी निस्कनु छ मलाई बोकेर
विचारको बन्दुक
ढाल्नुछ देश बेच्ने लेण्डुपहरूको घोडा
ओ साथी ! कति पिउँछौं
जिन्दगीमा अपमानको घुट्की ?
बोकेको छु म यतिखेर
नयाँ क्रान्तिको अग्लो झण्डा
के तिमी पनि तयार छौ ?

### खोइ तिमो बन्दुक



**- सुरेश सुवेदी**

खोइ तिम्रो बन्दुक खिया लागेको छ ?
होइन, दिमाग नै बन्दुक बनेर पड्किसकेको छैन
दिमाग भुत्ते भएपछि
बन्दुकहरुमा खिया लाग्छन्
थोत्रिएर चोइटिन्छन्
तर दिमागमा बर्सौंदेखिका प्रताडना
हाजिर भई परेड खेल्न सुरु गरेपछि
मनहरु आनन्दले निदाउन नपाएपछि
एक आङ लुगाका निम्ति
एक सिता अन्नका निम्ति
आकाश ओढेर धर्ती बिछ्याउनेहरुको
कथा सुनेपछि
जब मनमस्तिष्कमा आगोको रापको शूल चढ्छ
अनि दिमागले विद्रोह खोज्छ
हजार पर्खालहरु नाघ्दै
अजङ्गका पहाड ढाल्दै
बन्दुकले अड्याएको तिम्रो सत्ता ढाल्न
बन्दुक लिएर ऊ आउँछ
त्यतिबेला उसको बन्दुक खिया लागेको हुँदैन
चाँदमारीमा ऊ चुक्दैन
त्यति बेला सोध्ने छैनौ
खोइ तिम्रो बन्दुक खिया लागेको छ ?

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. पवन अग्रवाल
परिवार पाउरोटी
भरतपुर-१, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अध्यक्ष : कृष्ण बराल (९८५५०५९६३१)
मौलाकालिका यातायात प्रा.लि.
भरतपुर-३, चितवन

## होला त फेरि ...

सिंहका बीचमा केही महिना यता बाक्लो भेटघाट हुँदै आएको छ । उनीहरूले घोषित-अघोषित रूपमा कार्यगत एकता पनि गर्दै आएका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविका विषयमा उनीहरूले साझा धारणा पनि बनाउँदै आएका छन् । भेटघाट हुँदा उनीहरूका बीचमा कम्युनिस्ट क्रान्तिकारीहरूका बीचमा एकता एवम् ध्रुवीकरणका विषयमा नीतिगत छलफल हुने गरेका छन् । पहिलो र दोस्रो निर्वाचनपछि वैद्य र विप्लवको भेटघाट बाक्लिएको र त्यसैलाई आधार मानेर विभिन्न सञ्चारमा विप्लव-वैद्य पार्टी एकताको चर्चा भैरहेको स्रोतको दावी छ । नेकपाका महासचिव विप्लवले मोहन वैद्य 'किरण' सँग भेटघाटको समयमा पार्टी एकतासम्बन्धी सामान्य छलफल भएको बताउनुभएको छ । नेकपा (क्रान्तिकारी माओवादी) ले भने त्यससम्बन्धी धारणा सार्वजनिक नगरे पनि निर्वाचनलगत्तै बसेको केन्द्रीय समिति बैठकले ६ बुँदे एकता प्रस्ताव पारित गरेको छ ।

## स्वास्थ्यकर्मीहरु ...

गर्न सक्ने पनि निर्णय गरिएको छ ।

बैठकले सङ्गठनात्मक क्षेत्रमा पनि महत्वपूर्ण निर्णयहरू लिएको छ जसअनुसार केन्द्रीय समितिलाई सम्मेलन आयोजक समितिमा बदलिएको छ । तदर्थ समितिमा डम्बर रावल संयोजक र सदस्यहरू प्रमोद योगी, नरबहादुर थापा, अम्बिका पाठक, रत्ना शर्मासहित २५ जना छन् । ब्युरो संयोजकसहित केही जिल्ला नेतृत्व पनि ठोस गरिएको छ । जसअनुसार कैलाश लामा-काठमाडौं, अम्बिका पाठक-चितवन, रामनन्द देवकोटा-ललितपुर, लोकेश जोशी-भक्तपुरलगायत छन् । सङ्गठनले बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर चलाउनेदेखि सरकारलाई दबाब दिनेसम्मका कार्यक्रम तय गरेको छ । सङ्गठनले स्वास्थ्य क्षेत्रका भ्रष्ट, दलाल र कमिसनखोरहरूको भण्डाफोर गर्ने तथा 'कालो तालिका' सार्वजनिक गर्ने निर्णय गरेको छ । यो कार्यक्रमले स्वास्थ्य क्षेत्रमा ठूलो बहस र विवाद उत्पन्न गर्ने देखिन्छ ।

## भेनेजुयलाका ...

गरिएको हो ।

अमेरिकाले राष्ट्रपति माडुरोलाई 'तानाशाह' आरोप लगाएको छ भने माडुरोले अमेरिकी नीतिलाई 'साम्राज्यवाद' भन्दै आफ्ना नागरिक देशको रक्षा गर्न सक्षम भएको बताएका छन् ।

ठूला सैन्य शक्तिहरूले घेरिएको अथवा असुरक्षा भएका साना तथा कमजोर देशहरूले आम जनतालाई नै सैन्यीकरण गर्ने गर्दछन् । विश्वमा अहिले इजरायल, जनगणतन्त्र कोरिया (उत्तरकोरिया), क्युबालगायत देशहरूले आम नागरिकहरूलाई फौजीकरण गर्ने गरेका छन् । नेपाल दुई ठूला सैन्य शक्तिहरू चीन र भारतको बीचमा रहेको देशको सानो र परनिर्भर सुरक्षा प्रणाली भएको सेनाले देशको सुरक्षा गर्न सम्भव नहुने भन्दै जनमिलिसियाकरणको नीति बेलाबेलामा उठ्ने गरेको छ ।

नेकपा निकट वामपन्थी विद्यार्थी सङ्गठनले आफ्नो तेस्रो राष्ट्रिय सम्मेलनमा पारित प्रस्ताव (२०२६) मा देशको सार्वभौमिक अखण्डता अक्षुण्ण राख्नका लागि नागरिकलाई जनमिलिसियाकरण गर्न माग गर्दै प्रस्ताव पारित गरेको थियो । जनयुद्धको समयमा तत्कालीन नेकपा (माओवादी) ले आमनागरिकलाई जनमिलिसियामा भर्ना गरेको थियो । जसअनुसार आम नागरिकलाई आधार भूत सैन्य तालिम दिइन्थ्यो । अमेरिकी धम्की र घेराबन्दीबीच भेनेजुयला जनतालाई नै सैनिकीकरण गर्ने पछिल्लो देश भएको छ ।

## अरुण तेस्रो ...

नियमहरू किन लत्याएको त्यसबारे वासिङ्टनबाट थप जानकारी पाउने आशा राखेका थिए । तर त्यो पनि पूरा भएन ।

त्यस टोलीलाई १५० परिवारको पुनर्वास कसरी सुनिश्चित गर्न सकिन्छ त्यस्तो एकदम सानो पक्षबारे अध्ययन गर्ने जिम्मेवारी दिनु हाँसउठ्दो कुरा थियो । त्यस टोलीका सदस्यहरूले आफ्नो तलबको एउटा सानो अंश ती १५० परिवारलाई दिएका भए पनि त्यस रकमबाट ती परिवारले जग्गा किन्न सक्थे, साहूको ऋण चुकाउन सक्थे, केटाकेटीलाई पढाउन सक्थे र आर्थिक रुपले सबल हुन सक्थे ।

आयोजनाको दीर्घकालीन लाभ, स्थानीय साझेदार नेपाल विद्युत् प्राधिकरणसितको समस्या र एउटा गरिब मुलुकमाथि पर्ने ऋणको भार जस्ता महत्वका विषयहरूलाई पूरै बेवास्ता गरिएको थियो । बरु जर्मन महालेखा कार्यालयले ती विषयबारे राम्रोसित विश्लेषण गरेको थियो ।

यसबाट विश्व बैङ्क जुनसुकै उपाय अपनाएर भए पनि आफूले लिएको 'विकल्परहित' नीतिलाई लागू गर्न कटिबद्ध रहेको प्रस्ट देखिन्थ्यो ।

१६ जुन १९९५ : त्यस दिन नेपालका प्रधानमन्त्री मनमोहन अधिकारीसितको भेटमा मैले अन्य धेरै विषयहरूमा अतिरिक्त अरुण तेस्रोको कुरा पनि उठाएको थिएँ । सत्तामा आउनुअघि कम्युनिस्ट पार्टी अरुण तेस्रो आयोजनाको विरोधी थियो । तर सत्तामा आएपछि भने त्यस पार्टीले आफ्नो पहिलेको अडान पूरै फेर्यो । प्रधानमन्त्री विश्व बैङ्कसितको सरकारको सम्बन्धबारे चिन्तित थिए । एउटा भीमकाय आयोजनाको सट्टा थुप्रै ससाना विद्युत् केन्द्रहरू स्थापना गर्नुपर्ने आवश्यकतालाई सरकारले बुझेको थियो । तर सरकारले आयोजनालाई स्वीकृति दिएपछि मात्रै सिकायत आयोगको टोली नेपाल पठाउने सर्त विश्व बैङ्कले तेर्स्याएपछि सरकारलाई त्यो नमानी सुख भएन । यस मामिलामा सरकार चेपुवामा परेको उनको विचार थियो ।

प्रधानमन्त्रीलाई अरुण तेस्रोमा अरु ढिलाइ भए अन्य आर्थिक सहयोग पनि रोकिन्छ भन्ने दबाव परेको थियो । हुन पनि सरकारका विपक्षीहरूले कम्युनिस्ट सरकारले अरुण तेस्रोमा अलमल गरे अन्य सबै ठूला दाताहरूबाट मिल्ने सहायता कटौती हुने हल्ला फैलाएका थिए ।

अगस्ट १९९५ : विश्व बैङ्कका नयाँ अध्यक्ष जेम्स उल्फेनसोनले अरुण तेस्रो आयोजनालाई पन्छाउने र त्यसको ठाउँमा विकेन्द्रित रुपमा ससाना जलविद्युत् आयोजनालाई सहयोग मन्त्री स्प्राङ्गरले पनि त्यसै प्रकारको वक्तव्य दिए ।

त्यसो हुनासाथ कम्युनिस्ट सरकारलाई बलीको बोको बनाउने हल्ला फेरि चल्यो । विश्व बैङ्कले कम्युनिस्ट सरकारअन्तर्गत आयोजनालाई अनुदान दिन नचाहेकाले देशले एक अर्ब अमेरिकी डलर रकम गुमाउन पुग्यो भन्ने हल्ला थियो ।

अक्टोबर १९९६ : नयाँ बनेको गैरकम्युनिस्ट सरकारलाई पनि सायद त्यो हल्ला साँच्चै हो कि भन्ने लाग्यो होला । त्यसैले आयोजना फर्काउने आशा राखेर सरकारले विश्व बैङ्कका हाकिमहरूलाई मनाउन अर्थमन्त्री डा. रामशरण महतलाई वासिङ्टन पठायो ।

काठमाडौं फर्केपछि अर्थमन्त्रीले अरुण उपत्यकाको विकासका लागि त्यस क्षेत्रमा सडक पुऱ्याउन विश्व बैङ्कले पैसा दिने भएको कुरा बताए । केही गरी अरुण तेस्रो आयोजना आइहालेमा त्यहाँ सडक बनिसकेको हुने उनले थपे ।

**स्रोत : विकेन्द्रिकरण र विकास**

**(दिवंगत लेखक स्वीट्जरल्यान्डका नागरिक हुन्)**

## मञ्चको संगठन ...

सम्पर्क मञ्च हो । सो सङ्गठनले प्रचण्ड समूह र वैद्य समूहमा चलेका दुई लाइन सङ्घर्ष र वर्गसङ्घर्षमा मुख्य नेतृत्व गर्दै आएको थियो । नेकपा केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहालको नेतृत्वमा स्थापना र लामो समय नेतृत्व हुँदै आएको सो सङ्गठनको हाल केन्द्रीय अध्यक्ष रत्न मगर छन् । सङ्गठनले शनिबार एकै दिन त्रिचन्द्र क्याम्पसमा रामेछाप, सिन्धुली र सर्लाहीको सम्मेलन सम्पन्न गरेको छ ।

सिन्धुली-काठमाडौं सम्मेलनले छेवाङ लामाको अध्यक्षतामा ३ रिक्त पदसहित २५ सदस्यीय कार्य समिति गठन गरेको छ । समितिका अन्य सदस्यहरूमा उपाध्यक्षद्वय, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरू क्रमशः सीताराम दाहाल, नारायण थापा, चन्द्रकेशर दाहाल, अमृत लामा, विकास राना, प्रेम मगर, वितृशा राना, राजन गुरुङ, युवराज घिसिङ, प्रताव मोक्तान, सविना श्रेष्ठ, श्याम अधिकारी, विष्णु मगर, प्रेम मगर, वसन्त मगर, नानीमाया लामा, रमेश दाहाल, गणेश खुलाल, सूर्य मगर र मुन घिसिङ छन् । त्यसैगरी मञ्चको रामेछाप सम्मेलनले सुशील बलम्पाकीको अध्यक्षतामा ४ सदस्य रिक्त रहने गरी २५ सदस्यीय जिल्ला कार्य समिति गठन गरेको छ । निर्वाचित कार्य समितिका अन्य सदस्यहरूमा उपाध्यक्षद्वय, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरू क्रमशः अनिता कार्की, मोहन बुढाथोकी, रुपक श्रेष्ठ, गणेश सुनुवार, पूर्ण माझी, जीवन बडुवाल, होमबहादुर रखाल, वेग श्रेष्ठ, मिलन श्रेष्ठ, धनबहादुर माझी, कमल माझी, निर्मला माझी, विशाल माझी, रोशन कार्की, राजन पुलामी, सागर खवास, सीताराम ल्हाय, शिव चौधरी, सञ्जय चौधरी, पूर्णबहादुर लामा छन् । सम्मेलनद्वारा निर्वाचित ५ सदस्यीय सल्लाहकार समितिमा झनक श्रेष्ठ, यमबहादुर आले, शङ्कर श्रेष्ठ, मानबहादुर सारू र अमृत परियार छन् । उता शनिबारै भएको सर्लाही सम्मेलनले पदम मगरको अध्यक्षतामा ४ पदपूर्ति पछि गर्ने गरी १७ सदस्यीय कार्य समिति निर्वाचित गरेको छ । समितिका अन्य सदस्यहरूमा गोविन्द प्रसाईं, प्रदीप फुयाँल, जुनु जर्गामगर, विजय बुर्जामगर, शान्ति जर्गामगर, सानु आले, हितमान तामाङ, सुस्मिता जर्गामगर, निरबहादुर आलेमगर, सुषमा श्रेष्ठ, निरमाया मगर र ईश्वरी जर्गामगर रहेका छन् । समितिले चयन गरेको दुई सल्लाहकारहरूमा कमल सुस्लिङ र सोमबार बम्जन छन् । सम्मेलनहरूमा नेकपाका नेताहरू सन्देश पौडेल, मकर गुरुङ, रत्न मगर, सुरेश अधिकारीलगायत नेताहरूको उपस्थिति थियो ।

## प्रम देउवाले ...

दिलाइदेऊ' भन्ने अर्थ लगाउन सकिन्छ जुन कुरा अत्यन्तै आपत्तिजनक, गैरकूटनीतिक र देशको अहितमा छ । त्यसैगरी देउवा-दाहाल गठबन्धनको प्रायोजक दिल्ली भैरहेको, त्यही गठबन्धनले चुनाव सम्पन्न गरेकै अवस्थामा दिल्लीले रुचाएका उम्मेदवार र दलहरू नै कमजोर देखिनुले दिल्ली र देउवा दुवै चिन्तित हुनु स्वाभाविक छ । भावी चुनावमा भारतपरस्त दलहरूलाई जिताउने विषयमा देउवा र मोदीका बीचमा छलफल भएको चर्चा झनै खतरनाक देखिन्छ । भारतका कतिपय सार्वजनिक व्यक्तित्व र सञ्चारले नेपाललाई चीनको खतरा भनिरहेका छन् । वास्तविकता त्यसको विपरीत छ । चीन देखाएर दिल्ली नेपालमा हावी हुन चाहन्छ । नेपालमाथि नाकाबन्दी लगाएको, वाम सरकार विघटन गराएको आरोप लागिरहेकै बेला दिल्ली पक्षधर दलहरू झन् कमजोर देखिएका छन् । त्यसैले 'वाम तथा लोकतान्त्रिक' गठबन्धन बनाएर चुनावमार्फत नेपाललाई पराधीन बनाउन र भारतीय स्वार्थपूर्ति गर्न चाहन्छ । त्यसपछि नै भारत र मधेसीको चाहना पूरा हुन सक्नेछ । त्यसप्रकारको अभ्यास सुस्मा भैसकेको छ ।

प्रम देउवाले नेपालको कालापानीमा बसेका भारतीय सेना फिर्ता गराउन कुनै पहल गरेनन् । त्यसले भारतको अतिक्रमणलाई मलजल गऱ्यो । अर्कोतिर कोसी उच्चबाँध, अरुण तेस्रो, माथिल्लो कर्णालीमा भएका राष्ट्रघातलाई देउवा भ्रमणले निरन्तरता दियो । डुबानको समस्यामा कुनै ठोस पहलकदमी वा सहमति भएन । केवल झारा टार्ने शब्दहरूको जुलुस मात्र देखियो । तसर्थ देउवाको भारत भ्रमण राष्ट्रघात र आत्मसमर्पणको नयाँ पोकोबाहेक अरू केही देखिएन ।

# देउवाविरुद्ध प्रदर्शन

■ **अम्बिका चन्द**, काठमाडौं

भारत भ्रमणको क्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली राष्ट्रियतालाई निकै कमजोर बनाउने खालका सहमति र सम्झौता गरेको विषयलाई लिएर नेकपाले विरोध प्रदर्शन गरेको छ । देउवाले भारतमा गई आत्मसमर्पणवादी प्रवृत्ति प्रस्तुत गर्दै नेपाली राष्ट्रियता र सार्वभौमिकतालाई निकै कमजोर बनाएको भन्दै नेपालमा व्यापक आलोचना भइरहेको बेला आइतबार नेकपा निकट विभिन्न जनवर्गीय सङ्गठनको आयोजनामा विरोध प्रदर्शन गरिएको हो । प्रदर्शनकारीहरूले त्रिभुवन अन्तर ष्ट्रिय विमानस्थलमा देउवा आउने बित्तिकै कालोझन्डा देखाउनुका साथै नाराबाजीसमेत गरेका थिए । उनीहरूले देउवा विमानस्थलमा अवतरण हुने बित्तिकै बेलुनमा कालोझन्डा बाँधेर आकाशमा उडाउँदा प्रहरी र सहभागीहरू जिल्लिएका थिए । साथै राष्ट्रघाती सम्झौता खारेज गर, भारतीय दलाल-मुर्दावाद, एकीकृत जनक्रान्ति-जिन्दावादलगायत नारा लगाएका थिए । विरोध प्रदर्शनका क्रममा प्रहरीले युवा सङ्घका केन्द्रीय महासचिव बाबुराम राई 'विवस' लगायत १३ जनालाई गिरफ्तार गरि छोडेको छ । प्रहरीले युवा महासचिव राईसँगै व्यापार सङ्घका अध्यक्ष युवराज पराजुली, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य रणबहादुर विक, रवि गोले, सावित्रा अधिकारी, प्रवीण ढकाल, भरत मल्ल, दिवाकर थापा, कृष्ण चौधरी, दिवाकर कार्की, छबिराज राई र रोशन किराँतीलाई पनि गिरफ्तार गरेको थियो ।

नेपालको संविधान संशोधनका विषयमा पुनः संसद्मा प्रस्ताव लैजाने भनी भारतमा गएर प्रतिबद्धता जनाउनु त्यहाँको एउटा प्रान्तको मुख्यमन्त्रीभन्दा तल्लो तहको व्यवहार प्रधानमन्त्रीले गर्दा सिङ्गो देश नै अपमानित भएको महसुस गरिएको छ । प्रधानमन्त्रीको हैसियतमा देउवाले भारतमा प्रदर्शन गरेको व्यवहार नीच र घृणित भएको भन्दै सर्वत्र आलोचनासमेत भएको छ । यस्तै अरूण तेस्रोको शिलान्यास मोदीबाट गराउन उनलाई निमन्त्रणा गर्नु र अन्य राष्ट्रघाती सम्झौतालाई तीव्रतापूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता भारतसामु जाहेर गर्नुले नेपाली राष्ट्रियतालाई निकै कमजोर पारेको भन्दै आपत्तिसमेत जनाइएको छ । प्रचण्ड प्रधानमन्त्री हुँदा नीतिगत रूपमा सहमती गरेको विषयलाई अहिले देउवाले कार्यान्वयनको प्रक्रियामा पुऱ्याएकाले विगतको २५ बुँदे सहमतिकै निरन्तरताका रूपमा अहिलेको सम्झौतालाई हेरिएको छ । यस्तै बर्सेनि करोडौं धनजन र मानवीय क्षति हुने गरेको कोसी बाँधमा फेरि उच्च बाँध बाँध्नका लागि भारतलाई अनुमति दिनु र जलस्रोत परियोजनाहरू भारतलाई सुम्पिनुलाई पनि राष्ट्रघातको रुपमा हेरिएको छ ।

यता सत्ता साझेदार माओवादी केन्द्रले एकातिर भारत भ्रमणका क्रममा देउवाले संविधान संशोधनका विषयमा जनाएको प्रतिबद्धताको विरोध गरेको छ भने अर्कोतिर भ्रमण सफल भएको भन्दै विरोधाभासपूर्ण कुरा गरेको छ । यसलाई सत्ता साझेदारी लम्ब्याउने चाल भएको पनि बताइन्छ । उता नेपाली काङ्ग्रेसले देउवाले गरेको गल्तीको बचाउ गर्दै संविधानको सर्वस्वीकार्यताका लागि गरिएको छलफल भएको प्रतिक्रिया दिएको छ तर नेकपा मसाललगायत अन्य दलले भने विज्ञप्ति जारी गर्दै देउवा-मोदी सम्झौता दब्बु र आत्मसमर्पणवादी नीतिको प्रदर्शन भन्दै विरोध जनाएका छन् ।

उता सत्ता बाहिरको नेकपा (एमाले) ले समेत भारतमा गएर गरिएको सहमति र सम्झौताको विषयलाई लिएर आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

# क्यान्सर अस्पतालमा मजदुर भेला

■ भीमबहादुर खड्का, चितवन

चितवनको भरतपुर-७, कृष्णपुरमा अवस्थित भरतपुर क्यान्सर अस्पतालमा कार्यरत मजदुरहरुको भेला सम्पन्न भएको छ । अ.ने.क्रा.ट्रेड युनियन महासंघका अध्यक्ष पुरन राईले अध्यक्षता गर्नुभएको भेलाको प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टीका ब्युरो सदस्य ध्रुव हुनुहुन्थ्यो । कार्यक्रममा ध्रुवले संविधानले मजदुरहरुको अधिकार कटौती गरी थप गरिबीको चपेटामा बाँच्न विवश बनाएको बताउनुभयो । यसबाट मुक्त हुन मजदुरहरु एकताबद्ध भई संघर्षमा जानुको विकल्प नरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा एरिया इन्चार्ज दीप, स्पार्टाकस, प्रवीण, किरण, मनहर, दीपकलगायत मजदुर नेताको उपस्थिति थियो ।




## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाणपत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा-बाबु उमेर आदिको वैधानिक प्रमाण हुने ।
- विद्यालय भर्ना हुनको लागि सजिलो पर्ने ।
- नागरिकताको प्रमाणपत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल-अचल सम्पति नामसारी गर्न सजिलो पर्ने ।
- पति-पत्नी बिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।


व्यक्तिगत घटना दर्ताका लागि समबन्धित वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक बडापत्र अध्ययन गरौ ।

**प्रमुख तथा कार्यकारी अधिकृत**

**धनुषाधाम नगरपालिका परिवार**

नियमित

# क्रान्ति यात्रा


विष्णु पन्त

राज्यद्वारा पुरानै संसदीय व्यवस्थालाई गाउँ र सहरसम्म पुनर्स्थापित गर्ने अभियानका साथ गरिएको कथित स्थानीय निर्वाचनका दुई चरण प्रतिरोध र खारेज गर्दै अब तेस्रो चरणको स्थानीय निर्वाचन कथित २ नं. प्रदेशमा हुँदैछ, हामी त्यसको पनि क्रान्तिकारी प्रतिरोधको तयारीमा छौँ । अर्को संसदीय चुनाव २०७४ मङ्सिर १० गते गर्ने घोषणा गरिएको छ, त्यसको सशक्त खारेजीको तयारीमा छौँ ।

हामीले प्रचण्डलाई बचाउन सकेनौँ, बाबुराम वा बादललाई बचाउन सकेनौँ । कहाँसम्म भने किरण र विप्लवलाई पनि सँगै राख्न सकेनौँ । यहीबीचमा फेरि कथित संसदीय र प्रादेशिक चुनावको मिति तोकिएको छ। सायद रातमा मुसाहरुको राज्यजस्तै नेताहरुको ओहोरदोहोर, हुलचाल र हल्लाखल्लाले हाम्रो समाजमा बिगबिगी मच्चाएको छ । गोयबल्स शैलीका दिनहुँजस्तै आयोजना गरिएका पार्टी प्रवेश तथा स्वागत कार्यक्रमहरुले फेरि मान्छेहरुलाई तरङ्गित गर्ने षड्यन्त्रका तानाबाना बुनिएकै छ। चुनावकै आवरणमा फेरि क्रान्तिकारी शक्तिहरुमाथिको आक्रमण सुरु भएको छ र भनिएको छ - 'विप्लवजी, किरणजीको अस्तित्व समाप्त भएको छ।' वास्तवमा क्रान्तिकारीहरुमाथिको आक्रमणको यो पहिलो कार्ड हो। दोस्रो कार्ड पनि छ, त्यो हो "माओवादीहरुबीचको एकताको नारा" । व्यवहारमा आफू गएर नेपाली काङ्ग्रेस र राजपासँग मोर्चाबन्दी गर्ने अनी भन्ने माओवादी एकताको नारा। अर्को कार्ड त अहिले निष्प्रभावीजस्तै बनेको छ, त्यो हो सबै कम्युनिस्टहरु र देशभक्तहरु एक हुने नारा।

प्रतिक्रान्तिबाट क्रान्तितर्फ सङ्क्रमण गर्ने बाटो धेरै कठिन र चुनौतीपूर्ण हुँदोरहेछ। सँगै हिँडिरहेको साथी कतिबेला चिप्लिने हो त्यो भन्न नसकिने हुँदो रहेछ। महासचिव विप्लवले कुनै समय भनेको एउटा वाक्य मर्मस्पर्शी छ-"क्रान्तिको यात्रामा एक्लै नै परिएछ भने पनि क्रान्तिको बाटो छाडिनेछैन र रत्तिभर आत्मसमर्पणको बाटो रोजिने छैन ।" मलाई फेरि पनि जोड दिएर भन्न मन लाग्यो - "प्रतिक्रान्तिबाट क्रान्तितर्फ सङ्क्रमण गर्ने बाटो धेरै कठिन, जोखिमपूर्ण र चुनौतीपूर्ण हुँदोरहेछ ।" हाम्रो चारैतर्फ दुस्मनहरुको किल्ला छ र भएभरको शक्ति हाम्राविरुद्ध तैनाथ छ। आत्मसमर्पण, पलायन र गद्दारीको बाटोबाट आफूलाई र आफ्नो समूहलाई बचाउन धेरै कठिन छ। यतिबेला देशभर कथित चुनावको चहलपहल छ । मन्त्री, सांसद र मुख्यमन्त्री बन्ने दौडमा नेताहरु यो पार्टी र त्यो पार्टीमा ओहोरदोहोर गरिरहेका छन् । सबैले आफ्नो दाउपेचलाई मोलतोल गरिरहेका छन् । कथित स्थानीय निर्वाचनमा क्रान्तिकारीहरुले जेल, नेल हुँदै राज्यद्वारा गरिएको दमनको प्रतिरोध गर्दै अनि देशैभर सशक्त प्रतिकार गर्दै फर्किन सफल भएकाले "हामी विजयी भएर फर्किएका छौँ" भन्ने महासचिव विप्लवको संश्लेषणबाट सबै कुराको जबाफ मिल्दछ। एङ्गेल्सले भनेजस्तै क्रान्तिकारीहरुको चेतना औसत मान्छेहरुको चेतनाभन्दा धेरै माथि हुन्छ। औसत मान्छेहरु तीन चीजबाट भत्ते हुन्छन्- यौन, शक्ति र पैसा वा सम्पत्ति । सामान्य मान्छे यौन, शक्ति र पैसा वा सम्पत्तिको नजिक पुग्दा सबै थोक बिर्सिन्छ, आफैँलाई अनि आफ्नो इतिहासलाई बिर्सिन्छ, स्मरण शक्ति नै समाप्त हुन्छ र सबै कुरा छाडिदिन्छ । हामीले हिन्दुशास्त्रमा कसरी जालझेल गरेर ठूलाठूला तपस्याहरु भङ्ग गरिएका थिए भन्ने कहानीहरु पनि सुनेका छौँ । आज हाम्रो जीवनमा पनि ठूलाठूला क्रान्तिकारी तपस्याहरु भङ्ग गरेर निजी जीवन र निजी सम्पत्तिका लागि तँछाडमछाड गरेका कथाहरु पीडादायक छन् ।

आज एकता र ध्रुवीकरण बहसहरु फेरि घनीभूत भएका छन् । एकताको प्रश्नमा हामी कहाँनेर सचेत हुनुपर्छ भने कसैको प्रधानमन्त्रीको दाउपेचका लागि फालिएको एकताको कार्डसँग हामी सधैँ डराउनुपर्छ । प्रचण्डको समीकरण एमालेसँग हुँदासम्म उनले वाम एकताको मीठो राग अलापे, जसले मोहनविक्रम सिंहलाईसमेत प्रभावित गऱ्यो । तर त्यो राग धेरै समय टिक्न सकेन किनकि त्यहाँ फगत कुर्सीको दाउपेचका लागि प्रयोग गरिएको कार्ड थियो । केही महिना पनि बित्न नपाउँदै फेरि काङ्ग्रेससँगको मोर्चाबन्दी र समीकरणको नाटक हामीले हेरिरहेकै छौं । कहाँसम्म भने काङ्ग्रेसमा माओवादी केन्द्रको पार्टी मिसाउने भन्नेसम्मका बहसहरु चल्न थालेका छन् । पछिल्लो समयमा राजपाका नेताहरुसँगको माओवादी केन्द्रको एकता अर्थात् राजपाका नेताहरुको माओवादी केन्द्रमा भएको प्रवेशको भद्दा नाटक पनि त हेरिरहेकै छौँ ।

हामीले क्रान्तिकारीहरु र देशभक्तहरुको एकतालाई जोड दिनुपर्छ । त्यो केवल कुरामा सीमित भएर पुग्दैन, वास्तविक घटनाक्रमबाट पुष्टि हुनुपर्छ । क्रान्तिकारी र देशभक्तहरुको ध्रुवीकरणको सन्दर्भमा पनि हामी सचेत हुनुपर्ने कहाँ छ भने सुरुदेखि पार्टीभित्र रहेको शक्तिलाई बचाउने र सुदृढ गर्ने कुरामा पहिलो प्राथमिकता हुनुपर्छ। विभिन्न बहानामा इमानदार नेता, कार्यकर्ताहरुलाई अर्कोतिर जानका लागि बाध्य पारिने वा धकेलिदिने कमजोरी गर्नु हुँदैन।

ध्रुवीकरणको सन्दर्भमा आज हामीले देशभक्तहरुको नयाँ परिभाषा र वर्गीकरण गर्नुपर्ने आवश्यकता टड्कारो बनेको छ। देशभक्त तथा क्रान्तिकारी शक्ति भनेर मोटामोटी तीनवटा पार्टीबीच मोर्चाबन्दी वा सहकार्य भएको छ- नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (मसाल) । यत्तिले मात्र पनि पुग्दैन, यसको दायरा बढाउनु पर्छ। स्वतन्त्र रुपमा रहेका समूहहरु, व्यक्तिविशेषहरु बाहेक विद्यमान दल र तिनका नेताहरुका बारेमा पनि सापेक्षित रुपमा वर्गीकरण गरी त्यहीअनुसारको सम्बन्ध कायम गर्नुपर्छ। कुर्सीका लागि जे पनि गर्न तयार हुने चिन्तन र नेतृत्वबाट देशभक्ति वा क्रान्तिकारी कदमको अपेक्षा गर्नु आत्मघाती हुन्छ। भारतीय शासक भन्नासाथ जीहजुर मात्र गर्ने 'एस मेन' को मनोविज्ञानबाट केही पनि आशा गर्नु हुँदैन। सारमा भन्दा यो प्रतिकूल र विषम परिस्थितिबाट क्रान्तिकारी विजयी बनाउन व्यापक र बृहत् ध्रुवीकरणको रणनीतिलाई अगाडि बढाउनु पर्छ। आज राष्ट्रियताको प्रश्न ज्यादै पेचिलो बनेको छ। समयमै राष्ट्रवादी शक्तिहरु एक नहुने हो भने हाम्रो भविष्य अन्धकार छ। सत्ताका लागि देशै बुझाउन पछि नपर्ने, देश टुक्र्याउन पनि तयार हुने र भारतमा गएर प्रादेशिक मुख्यमन्त्रीका रुपमा आफूलाई उभ्याउनेहरुको तीव्र मोर्चाबन्दी भएको छ। यो ज्यादै खतरनाक हो।

जनताले राष्ट्रवादी शक्तिहरुलाई आवश्यक पहल लिन आग्रह गरिरहेका छन् । हालै आएको बाढीले तराई डुबानमा परेपछि आमजनताले नेपाल कम्युनिस्ट पार्टीलाई कोसी बाँधमा बम हानेर उडाइदिन आग्रह गरे । यसबाट के देखिन्छ भने भोलि भारतीय हस्तक्षेप नाङ्गो ढङ्गले बढ्यो र देशकै अस्तित्वमाथि धावा बोल्ने काम भयो भने भारतसँग लड्ने एउटै मात्र सशक्त पार्टी नेपाल कम्युनिस्ट पार्टी छ। त्यति मात्र हैन, आजको विश्वमा बढ्दै गइरहेको सैन्य होडबाजीभित्र नेपालको अस्तित्व जोगाउने र सुदृढ गराउन एकीकृत जनक्रान्तिको कार्यदिशा अवलम्बन गर्न आवश्यक छ। आत्मसमर्पणबाट हैन सङ्घर्षबाट, गुलामीबाट हैन निर्माणबाट हामीले आजको उत्तरसाम्राज्यवादमाथि धावा बोल्नुपर्छ।

# महिला जोदाहाहरू अभिनन्दित

■ **भीमप्रसाद चापागाईं**, काठमाडौं



अनेम सङ्घ क्रान्तिकारी केन्द्रीय समितिको सातौँ पूर्ण बैठकले पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचन खारेजीका क्रममा प्रहरी हिरासत र जेलको कहर भोग्नुहुने महिला जोदाहाहरुलाई मङ्गलबार काठमाडौंमा अभिनन्दन गरेको छ। नेकपा स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले उनीहरुलाई अभिनन्दन गर्नुभएको हो । अभिनन्दित हुनेहरुमा बन्धु चन्द, धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी', इन्दिरा मिश्र, विष्णु कोइराला, लक्ष्मी तामाङ, खड्ककुमारी राई, सिसम शाही, मिथिला चौहान, प्रमिला लामा, शालु मगर, टीका न्यौपाने र मीना राजधामी छन् ।

अभिनन्दनपछि प्रमुख अतिथि कञ्चनले हिरासत र जेल जीवन बिताएर रिहा भएका महिलाहरुलाई पार्टीले बधाई ज्ञापन गरेको बताउनुभयो । उहाँले भन्नुभयो- 'जेल भनेको क्रान्तिकारीहरुका लागि सङ्घर्षको मोर्चा हो। यो राजनीतिको विश्वविद्यालय पनि हो। क्रान्तिकारीहरुका लागि समाज परिवर्तनको तयारी गर्ने एउटा अवसर पनि हो ।' उहाँले आगामी दिनहरुमा पनि यसप्रकारका सङ्घर्षका मोर्चाहरुमा अझ जुझारु भएर उत्रिन महिलाहरुलाई आह्वान गर्नुभयो ।

# सडक मिचेर व्यापार

■ भीमबहादुर खड्का, चितवन

सानालाई ऐन ठूलालाई चैन भनेझैं चितवनको नारायणगढमा रहेको फूटपाथमा डोका, नाङ्ले पसल वा साइकलमा फलफूल बेचेर आफ्नो जीविकोपार्जन गरिरहेका साना व्यापारीको सामान कब्जा गर्ने, सडकमा फालिदिने, थुनामा कोचिदिने, कुटपिट गर्ने कामले सीमा नाघेको छ तर ठूला व्यापारीहरुले बाहिर ठूला स्टलहरु राखी महिनौं दिनसम्म प्रदर्शन गर्दा पनि प्रहरी प्रशासन भने मौन छ। ट्राफिक नियमअनुसार कुनै पनि व्यवसायीहरुले सडकको बीचबाट २५ मिटर दायाँबायाँ व्यावसायिक कार्य गर्न/गराउन नपाइने चितवन ट्राफिक प्रमुख सन्तोष पन्त बताउनुहुन्छ । एमएडब्लू अर्थ मुभ कम्पनी लिमिटेडले पूर्वपश्चिम राजमार्गमा पर्ने एयरपोर्टअगाडि सडक क्षेत्रमा जेसीबी राखी बर्सौंदेखि बेचबिखन गर्दै आएको स्थानीय बासिन्दाले बताएका छन् । यस विषयमा प्रहरी प्रमुख सन्तोष पन्तले भन्नुभयो, 'हामीले कम्पनीलाई सडक क्षेत्रबाट हटाउन पटकपटक आग्रह गरेका छौँ । नमानेमा कानुनअनुसार कार्वाही हुन्छ ।'







शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दिपक शेरचन
मिनबहादुर शेरचन स्टोर्स
सभागृहचोक, पोखरा
☎ ०६१-५२०११९, ०६१-५२४३०२

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ